## अध्याय एक : अध्ययनको परिचय

### १.१ पृष्ठभूमि

भाषा शब्दको निर्माण संस्कृतका 'भाष्' धातुमा आ (टाप्) प्रत्यय लागेर बनेको हो । जसमा भाष्को अथ 'बोल्नु' वा 'भन्नु' भन्ने हुन्छ र आ (टाप्) ले स्त्रीत्वबोधक प्रत्ययलाई जनाउँछ । भाषा विचार विनिमयको माध्यम हो (न्यौपाने, २०६६:१) । हुन त आँखा झिम्काएर, हातले इशारा गरेर, ताली बजाएर पनि विचारको आदन प्रदान गर्दछन् । त्यसै गरी पशुपक्षीले पनि आ-आफ्नै आवाज निकालेर विचार व्यक्त गर्दछन् तर यिनीहरूलाई भाषा भनिँदैन । भाषा भन्नाले स्वर र व्यञ्जन जस्ता स्पष्ट छुट्याउन सकिने गरी मान्छेको उच्चारण अवयवद्वारा उच्चरित आवाज भन्ने बुझिन्छ । यसरी व्यापक अर्थमा केही कुरा व्यक्त गर्ने सङ्केतलाई भाषा भनिए पनि भाषावैज्ञानिक सन्दर्भमा मानवीय उच्चारण अवयवद्वारा उच्चरित यादृच्छिक ध्वनिप्रतीकहरूको व्यवस्थालाई भाषा भन्ने गरिएको छ
(न्यौपाने, २०६६:१) ।

रूपिम भन्दा माथिल्लो पदावली भन्दा सानो अर्थपूर्ण भाषिक एकाइ शब्द हो । एक वा एक भन्दा बढी अक्षरहरू मिली बनेको स्वतन्त्र रूपमा प्रयोग हुनसक्ने अर्थपूर्ण एकाइलाई शब्द भनिन्छ (बस्नेत, २०७१:९) । शब्दहरू स्वतन्त्र रूपमा प्रयोग हुन सक्दछन् । जस्तैः घर, पुस्तक, कलम आदि स्वतन्त्र रूपमा प्रयोग गर्न सकिन्छ, त्यसैले यी शब्द हुन तर उपसर्ग (वि, सु, निर् आदि) र प्रत्यय (आलु, एलु, इक् आदि) स्वतन्त्र रूपमा प्रयोग गर्न सकिँदैन, त्यसैले यी शब्द होइनन् । त्यस्तै गर, पढ, लेख्, आदि धातुहरू अर्थयुक्त भए पनि तिनको स्वतन्त्र प्रयोग नहुने हुनाले ती पनि शब्द मानिदैनन्
(भट्टराई, २०६२:१२) ।

नेपाली भाषाका शब्दहरूलाई स्रोत, बनोट र कार्यको आधारमा वर्गीकरण गर्न सकिन्छ ।

#### क. स्रोतका आधारमा शब्द वर्गीकरण

नेपाली भाषामा विभिन्न स्रोतबाट आएका शब्दहरू छन् । नेपाली भाषाको शब्दभण्डारलाई केलाई हेर्ने हो भने यसमा नेपाली भाषाका ठेट शब्दहरूका साथसाथै विभिन्न भाषाबाट आएका शब्दहरू पनि छन् । यसरी हेर्दा नेपाली भाषाका शब्दहरूलाई मौलिक र आगन्तुक गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

#### अ. मौलिक शब्द

संस्कृत भाषाबाट नेपाली भाषामा आएका शब्दहरूलाई मौलिक शब्द भनिन्छ । नेपाली भाषा भारोपेली भाषा परिवारको संस्कृत भाषाबाट प्राकृत हुँदै विकसित भएको भाषा हो (बराल २०६६:४३) । संस्कृत भाषाका शब्दहरू मार्फत नेपालीको शब्दभण्डार भरिपूर्ण छ । संस्कृत भाषाबाटै नेपाली भाषाको विकास भएकाले संस्कृत भाषाबाट आएका शब्दहरूलाई मौलिक शब्द भनिन्छ ।

मौलिक शब्दहरू पनि तत्सम र तद्भव गरी दुई प्रकारका रहेका छन् ।

**- तत्सम शब्द**

संस्कृत भाषाबाट जस्ताको त्यस्तै अर्थात रूप नफेरिई नेपाली भाषामा आएका शब्दहरू तत्सम शब्द हुन् । संस्कृतमा 'तत्' को अर्थ त्यो र 'सम्' को अर्थ समान भन्ने हुन्छ । यस अर्थमा तत समान अर्थात संस्कृत समान नेपालीमा प्रयोग भएका शब्दहरू तत्सम शब्दहरू भन्ने हुन्छ । 'अरू भाषाबाट रूप नफेरिई आफ्नो भाषामा आएर जस्ताको तस्तै चलेका शब्द तत्सम शब्द हुन्' (ने. वृ. श. २०४०:५८२) । जस्तैः अभिनेत्री, तिथि, इन्द्रिय, पुष्टि, कमल आदि ।

**- तद्भव शब्द**

संस्कृतबाट सोझै नभएर प्राकृत र अपभ्रंश हुँदै रूप फेरिएर नेपालीमा प्रयोग भएका शब्द तद्भव शब्द हुन् । तद्भवको अर्थ 'त्यसबाट आएको' भन्ने हो । संस्कृत भाषाबाट विभिन्न चरणहरूमा परिवर्तित र विकसित हुँदै आएका शब्दहरूलाई तद्भव शब्द भनिन्छ (बराल र एटम, २०६६:२९) ।

जस्तैः

| **संस्कृत** | **प्राकृत** | **नेपाली** |
|---|---|---|
| अग्नि | अग्गि | आगो |
| कर्म | कम्म | काम |
| चक्र | चक्क | चक्का |

**आ. आगन्तुक शब्द**

संस्कृत भाषा भन्दा बाहेकका अन्य भाषाबाट नेपाली भाषामा आएका शब्दहरू आगन्तुक शब्दहरू हुन् । आगन्तुक शब्द देशज र विदेशज गरी दुई प्रकारका हुन्छन् (बस्नेत, २०७१:११) ।

देशज - देशभित्रका अन्य भाषाबाट तथा भाषिकाबाट नेपाली भाषामा आएका शब्दहरू देशज आगन्तुक शब्द हुन् । जस्तैः क्वाँटी, डम्फू आदि ।

विदेशज - नेपाल बाहिरका अन्य देशका भाषाबाट नेपाली भाषामा आएका शब्द विदेशज आगन्तुक शब्दहरू हुन् । जस्तैः जेल, टेलिफोन आदि ।

**ख. बनोट / व्युत्पत्तिका आधारमा शब्दको वर्गीकरण**

शब्दको बनोट प्रक्रिया हेरेर पनि शब्दको वर्गीकरण गर्न सकिन्छ । शब्दको निर्माण प्रक्रिया हेरेर गरिने शब्दको वर्गीकरण नै बनोट वा व्युत्पत्तिका आधारमा शब्दको वर्गीकरण हो । शब्दहरू कुनै धातुमा उपसर्ग, प्रत्यय लागेर बनेका हुन्छन्, कुनै शब्द दोहोरिएर निर्माण भएका हुन्छन् भने कुनै आफैं बनेका हुन्छन् । बनोट वा व्युत्पत्तिका आधारमा शब्दलाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ :

बनोट वा व्युत्पत्तिका आधारमा शब्द

मूल (घर, झ्याल, पानी)

व्युत्पन्न (घरेलु, संहार)

**ग. कार्यका आधारमा शब्दको वर्गीकरण**

शब्दलाई वाक्यमा शब्दले सम्पन्न गर्ने कार्यका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ (भट्टराई, २०६२:१३) । यस आधारमा शब्दलाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ :

कार्यका आधारमा शब्द

| विकारी | अविकारी |
|---|---|
| नाम | क्रियायोगी |
| सर्वनाम | नामयोगी |
| विशेषण | संयोजक |
| क्रियापद | विस्मयादिबोधक |
| | निपात |

तत्समको अर्थ 'पहिले भएजस्तै' भन्ने हो । संस्कृत भाषाबाट जस्ताको जस्तै नेपालीमा आएका शब्दलाई तत्सम भनिन्छ । यस्ता शब्दहरू लेख्दा संस्कृतकै वर्णविन्यास प्रयोग गरिन्छ । जस्तै : अक्षर, अभिनेत्री, उपस्थिति, एकाङ्की, ज्ञान, तिथि, वाणी, षड्यन्त्र आदि (बराल र एटम, २०६६:२८) ।

तत्सम वि.सं. १ जस्ताको तस्तो , त्यो जस्तो , त्यस्तै । ना. २. संस्कृत भाषाबाट रूप नफेरिई आफ्नो भाषामा आएर जस्ताको तस्तै चलेका शब्द (जस्तै- संस्कृत्बाट नेपालीमा आएका तत्सम शब्द आकाश, सूर्य, दिन, इ.) -ता तत्सम हुनाको भाव क्रिया वा अवस्था (नेपाली बृहत् शब्दकोश २०४०:५५०)

तत्सम/तत्सम/ (तत्स) (तत् + सम) वि.१ त्यो समान वा त्यो जस्तो पहिले जस्तो थियो त्यस्तो तत्समान (उदा. तत्सम स्थिति) ना.२. संस्कृतबाट नेपालीमा स्वरूप नफेरिई भित्रिएका शब्द (उदा. काल, कार्य, अन्न, मन्दिर, दया, प्रेम, आदि) (अधिकारी, २०६६, प्रयोगात्मक नेपाली शब्दकोश : ४४०) ।

तत्सम शब्द नेपालीको पुर्ख्यौली भाषा अर्थात संस्कृत स्रोतबाट रूप परिवर्तन नगरी नेपाली भाषामा आएका ('तत्' संस्कृत भाषा र 'सम' त्यसबाट अपरिवर्तित भएर उस्तै रूपमा आएका ) शब्दलाई तत्सम शब्द भनिन्छ । जस्तै : पुस्तक, पुत्र, शान्ति, बुद्धि, पिता, माता, सम्पादक, लेखक, सहमति, परिचय इत्यादि (लम्साल र अन्य, २०६५:२४) ।

"एमएड प्रथम वर्षको कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन' शीर्षकमा यो शोधपत्र तयार गरिएको छ । विभिन्न शब्दहरू (तत्सम, तद्भव र आगन्तुक) मध्ये यस शोधपत्रमा तत्सम शब्दको मात्र अध्ययन गरिएको छ । यस शोधपत्र तयार गर्नुपूर्व स्नातकोत्तर तह प्रथम वर्षको कथा विधाको तत्सम शब्दहरूको अध्ययन नगरिएकाले यस शीर्षकमा अध्ययन गर्न आवश्यक देखिएको छ । यस शोधपत्र स्नातकोत्तर तह प्रथम वर्षमा अध्ययनरत विद्यार्थी र अध्यापनरत शिक्षक वर्गलाई लक्षित गरी तयार पारिएको छ ।

प्रस्तुत शोधपत्र त्रिवि शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग अर्न्तगत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश नेपाशि ५९८ को प्रयोजनार्थ तयार गरिएको छ ।

## १.२ समस्याकथन

स्नातकोत्तर तह प्रथम वर्षको नेपाली पुस्तकका कथा विधामा प्रयुक्त तत्सम शब्दहरू सम्बन्धी समस्याहरूलाई बुँदागत रूपमा निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

क. स्नातकोत्तर तह प्रथम वर्षको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू के-कस्ता रहेका छन् ?

ख. कथाहरूका तत्सम शब्दहरूका बनोट कस्ता छन् ?

ग. कथाका तत्सम शब्दहरूको आवृत्तिको अवस्था कस्तो छ ?

घ. शब्दवर्गका आधारमा तत्सम शब्दहरू कस्ता छन् ?

## १.३ अध्ययनको औचित्य र महत्त्व

यस शोधकार्यमा स्नातकोत्तर प्रथम वर्षको नेपाली पुस्तकको कथा विधामा समाविष्ट तत्सम शब्दहरूको व्यवस्थित अध्ययन गरिएको छ । यस शोधपत्रमा स्नातकोत्तर तह प्रथम वर्षको कथा विधामा के -कति तत्सम शब्दहरूको प्रयोग भएका छन्, ती शब्दहरूको निर्माण प्रक्रिया कस्ता छन्, ती शब्दहरू

कुन शब्दवर्गका रहेका छन् र ती तत्सम शब्दहरू कति आवृत्ति भएका छन् भन्ने कुराको खोजी गरिएको छ । स्नातकोत्तर तह प्रथम वर्षको नेपाली पुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन / विश्लेषण गर्नु नै यस शोधकार्यको औचित्य रहेको छ ।

तत्सम शब्द भन्नाले संस्कृतबाट जस्ताको तस्तै अर्थात रूप नफेरिई नेपालीमा आएका शब्द भन्ने बुझिन्छ । यस्ता शब्दहरूको प्रयोगले कुनै पाठलाई दुर्बोध्य र क्लिष्ट बनाउँछ । यस स्थितिमा स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थीहरू र अध्यापन गर्ने शिक्षकहरूलाई आवश्यक राहत र मार्गनिर्देशन दिने कार्य यस शोधकार्यले गर्ने छ । यसका साथै स्नातकोत्तर तहमा भएका कथाहरूमा के - कति मात्रमा तत्सम शब्दहरूको प्रयोग भएका छन्, ती कथाहरू स्नातकोत्तर तहका विद्यार्थीहरूका स्तरअनुकूल छन् या छैनन् भन्ने कुराको जानकारी यस शोधकार्यले दिने हुँदा पाठ्यक्रम निर्माता तथा पाठ्यपुस्तक लेखकलाई समेत यस शोधपत्रले सहयोग पुर्‍याएको छ । अतः यस शोधकार्यले स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थीहरू, अध्यापन गर्ने शिक्षकहरू, पाठ्यक्रम तथा पाठ्यपुस्तक लेखकहरू र अन्य सरोकारवालाहरूलाई सहयोग पुर्‍याउने हुँदा यो शोधकार्य महत्त्वपूर्ण रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

यो अध्ययन निम्न उद्देश्यमा केन्द्रित रहेको छ :

क) स्नातकोत्तर तह प्रथम वर्षको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू पहिचान गर्नु वा पत्ता लगाउनु,

ख) कथाहरूका तत्सम शब्दहरूका बनोट प्रक्रिया पत्ता लगाउनु,

ग) कथाहरूका तत्सम शब्दहरूको आवृत्तिको अवस्था पत्ता लगाउनु,

घ) तत्सम शब्दहरूको शब्दवर्ग पत्ता लगाउनु ।

## १.५ अध्ययनको सीमाङ्कन

यस शोधकार्यमा स्नातकोत्तर तह प्रथम वर्षको नेपाली पुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययनमा मात्र केन्द्रित छ । यस शोधकार्यको सीमाहरू निम्नलिखित रहेका छन् :

क) स्नातकोत्तर तह प्रथम वर्षको कथा विधामा मात्र प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण,

ख) स्नातकोत्तर तह प्रथम वर्षको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको निर्माण प्रक्रिया,

ग) ती तत्सम शब्दहरूको आवृत्तिको अवस्था,

घ) कथाहरूका तत्सम शब्दहरूको शब्दवर्गको स्थिति ।

## १.६ पारिभाषिक शब्दहरू

| | |
|---|---|
| तत्सम : | संस्कृत भाषाबाट जस्तको तस्तै अर्थात रूप नफेरिइ नेपाली भाषामा आएका शब्दहरू |
| उपसर्ग : | मूल शब्दको अगाडि लाग्ने |
| प्रत्यय : | मूल शब्दको पछाडि लाग्ने, परसर्ग |
| समास : | दुई शब्दहरू जोडिएर नयाँ शब्द निर्माण हुने प्रक्रिया |
| द्वित्व : | एउटै शब्द दोहोरिएर नयाँ शब्द निर्माण हुने प्रक्रिया |

## अध्याय दुई : पूर्वकार्यको समीक्षा र धारणात्मक संरचना

### २.१ पूर्वकार्यको समीक्षा

कुनै शोधकार्य गर्नु अगाडि त्यससँग सम्बन्धित के-कस्ता अनुसन्धानहरू भइसके त्यसबारे अध्ययन गर्नु आवश्यक देखिन्छ किनकी अघिल्ला अनुसन्धानले पछिल्ला अनुसन्धानलाई मार्गनिर्देश गर्ने गर्दछ । पूर्व कार्यको समीक्षाले विगतका अनुसन्धानहरू कसरी गरिए, के-कस्ता विधिहरूको प्रयोग गरिए, अनुसन्धान कार्यलाई सफल बनाउन के-कस्ता समस्याहरू आइपरे भन्ने कुराको जानकारी दिनाका साथै नयाँ-नयाँ विधि र सिद्धान्तका बारेमा जानकारी प्रदान गर्ने हुनाले पूर्वकार्यको समीक्षा गर्नु आवश्यक छ ।

प्रस्तुत शोधसँग सम्बन्धित अनुसन्धानहरू निम्न अनुसार रहेका छन् :

—अधिकारी, (२०६६), द्वारा **कक्षा नौको नेपलाी पाठ्यपुस्तकमा समाविष्ट शब्दहरूको अध्ययन** शीर्षकमा स्नातकोत्तर उपाधि हाँसिल गर्ने प्रयोजनले शिक्षाशास्त्र सङ्कायबाट शोधकार्य सम्पन्न भएको पाइन्छ । प्रस्तुत अध्ययनमा कक्षा नौ को तत्सम, तद्भव र आगन्तुक शब्दहरूको अध्ययन गरेको र ती शब्दहरूको पदवर्ग, व्युत्पति प्रक्रियाको सामान्य अध्ययन गरेको पाइन्छ भने शब्दहरूको अर्थ र पृष्ठ खुलाएर अध्ययन गरेको पाइएन ।

—खड्का (२०६७) द्वारा **कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** शीर्षकमा स्नातकोत्तर उपाधि हाँसिल गर्ने प्रयोजनका लागि शोधकार्य सम्पन्न भएको पाइन्छ । उक्त अध्ययनमा कक्षा ११ को नेपाली पाठ्पुस्तकमा समाविष्ट कथा विधामा प्रयोग गरिएका तत्सम शब्दहरूको अध्ययन गरिएको छ । तत्सम शब्दहरूको अर्थ, व्युत्पत्ति, पाठ र पृष्ठ सङ्ख्या समेत उल्लेख गरिएको यो शोधकार्य एक महत्त्वपूर्ण  अनुसन्धानका रूपमा लिन सकिन्छ ।

—दाहाल (२०६७) द्वारा **कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त शब्दहरूको अध्ययन** शीर्षकमा जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभागअर्न्तगत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश नेपाशि ५९८ को प्रयोजनका लागि तयार पीरिएको देखिन्छ । उक्त शोधपत्रमा शब्दवर्ग, शब्द निर्माण प्रक्रिया, शब्दार्थ, पृष्ठ सङ्ख्या आदि उल्लेख गरिएको पाइन्छ । कक्षा ११ को सबैको नेपाली पाठ्पुस्तकमा आइमाई साथी निबन्धमा २१३, भलाद्मीमा १२८, म फूल लिएर आउने छु मा ९४, आलुमा १२८ तत्सम शब्दहरू रहेका छन् । शब्दको परिचय, शब्दको वर्गीकरण र तत्सम शब्दहरूको अध्ययन/विश्लेषण गरिएको यो शोधकार्य एक महत्त्वपूर्ण  कार्यका रूपमा लिने गरिन्छ ( पृ.५७) ।

—बस्नेत (२०७१) द्वारा **स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू** शीर्षकमा शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग अर्न्तगत एमएड दोस्रो वर्षको नेपाशि ५९८ पाठ्यांशको आंशिक आवश्यकता परिपूर्तिको प्रयोजनार्थ शोधपत्र तयार पारिएको देखिन्छ

। उक्त शोधपत्रमा तत्सम शब्दहरूका शब्दवर्ग छुट्याउनुका साथै शब्दहरूको निर्माण प्रक्रिया, अर्थ तथा पाठ र पृष्ठ सङ्ख्या पनि उल्लेख गरिएको छ । स्नातक तहको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण गरिएको यो शोधपत्र स्नातक तहमा अध्ययन गरिरहेका विद्यार्थी र शिक्षकवर्गहरूका लागि समेत उपयोगी हुन सक्ने देखिन्छ (पृ. ५६) ।

–भट्टराई (२०६६) द्वारा '**कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको अध्ययन'** शीर्षकमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गतको विश्वविद्यालय क्याम्पस नेपाली शिक्षा विभागबाट स्नातकोत्तर दोस्रो वर्षको नेपाशि ५९८ पाठ्यांशको आंशिक आवश्यकता परिपूर्तिको प्रयोजनले शोधकार्य सम्पन्न भएको पाइन्छ । उक्त शोधपत्र अनुसार कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा ३८.२४ प्रतिशत शब्दहरू प्रत्यय लागेर तत्सम शब्दको निर्माण भएको, उपसर्ग लागेर २०.५९ प्रतिशत शब्द निर्माण भएको र सन्धि एवम् समास प्रक्रियाबाट १२.५५ प्रतिशत तत्सम शब्दको निर्माण भएको कुरा उल्लेख गर्दै तत्सम शब्दहरूको वितरण कक्षा पाँचको स्तर अनुसार सन्तोषजनक नै रहेको कुरा उल्लेख गरिएको छ (भट्टराई, २०६६:४७ र ४८) ।

२.२ पूर्वकार्यको उपयोगिता/कार्यान्वयन

स्नातकोत्तर तह प्रथम वर्षको नेपाली पुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन हालसम्म कसैले नगरेकाले यस शीर्षकमा अनुसन्धान गरिनु आवश्यक रहेको पुष्टि हुन्छ यस भन्दा अगाडि शब्दभण्डारका क्षेत्रमा धेरै अनुसन्धान भएका छन् । ती अनुसन्धानले आवश्यक मार्गनिर्देश गर्ने हुनाले ती अनुसन्धानका बारेमा अध्ययन गर्न जरुरी छ । यस अघि निर्मला अधिकारीले 'कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्दहरूको अध्ययन' शीर्षकमा शोधकार्य गरेकी छिन् । उक्त शोधमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको वर्णन गर्दै ती शब्दहरूको शब्दवर्ग, र व्युत्पत्ति प्रक्रिया उल्लेख गरिएको पाइन्छ भने अर्थ र पृष्ठ खुलाएर अध्ययन गरिइएको पाइँदैन । त्यसै गरी हीरा भट्टराईले 'कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको अध्ययन' शीर्षकमा अर्को शोधकार्य सम्पन्न गरेकी छिन् । उक्त शोधकार्यमा तत्सम शब्दहरूको व्युत्पत्ति प्रक्रियाअनुसार के-कति शब्दहरूको कति प्रतिशतमा प्रयोग भएका छन् भन्ने कुरा उल्लेख गरिएको पाइन्छ । त्यसैगरी गोमाकुमारीले 'कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्द' शीर्षकमा शोधकार्य सम्पन्न गरेकी छिन् । उक्त शोधकार्यमा तत्सम शब्दहरूको अर्थ, व्युत्पत्ति, पाठ र पृष्ठ सङ्ख्या उल्लेख गरेकी छिन् । त्यसैगरी दाहालले 'कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकमा निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरेकी छिन् । यस शोधमा कुन पाठमा, कति तत्सम शब्दहरूको प्रयोग भएको छ, त्यसको जानकारी दिँदै ती शब्दहरूको शब्दवर्ग, शब्द निर्माण प्रक्रिया, शब्दार्थ र पृष्ठ सङ्ख्या उल्लेख गरिएको छ । त्यसै गरी नारायण बस्नेतले 'स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम

शब्दहरू’ शीर्षकमा अर्को शोधकार्य सम्पन्न गरेका छन् । यस शोधमा पनि तत्सम शब्दहरूको शब्दवर्ग, शब्द निर्माण प्रक्रिया, अर्थ र पृष्ठसङ्ख्या उल्लेख गरिएको छ ।

माथि सम्पन्न गरिएका शोधकार्यमा कुनैमा तत्सम शब्दहरूको शब्दवर्ग, शब्दनिर्माण प्रक्रिया, अर्थ, पृष्ठसङ्ख्या, पाठ, तत्सम शब्दहरूको आवृत्ति मध्ये कसैले शब्दवर्गलाई उपेक्षा गरेका छन् भने कसैले अर्थलाई, कसैले पृष्ठसङ्ख्यालाई त कसैले शब्दहरूको आवृत्तिलाई उपेक्षा गरेका छन् तर मेरो एमएड प्रथम वर्षको कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन शीर्षकको यो शोधपत्रमा तत्सम शब्दहरूको शब्दवर्ग, शब्द बनोट प्रक्रिया, अर्थ, पाठ, पृष्ठसंख्या र तत्सम शब्दहरूको आवृत्तिको स्थिति जस्ता पक्षहरू समावेश गरिनुका साथै कुन पाठमा कति तत्सम शब्दहरू आवृत्ति भएका छन्, त्यसको जानकारी पनि तालिकामा प्रस्तुत गरिने हुनाले यो नितान्त मौलिक शोधपत्र रहेको पुष्टि हुन्छ । माथि उल्लेख गरिएका पूर्वकार्यमध्ये शान्ता दाहाल र अलिकति नयाँ मोडलअनुसार निर्मित भएकोले गर्दा नारायण बस्नेतको शोधपत्र मेरो शोधपत्र तयार गर्दा उपयोगी रहेका छन् ।

यस शोधपत्रले एमएड प्रथम वर्षमा अध्ययनरत विद्यार्थी र अध्यापनरत शिक्षकलाई प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने छ । यसका साथै कुन पाठमा कति तत्सम शब्दको प्रयोग भएको छ, ती पाठहरू कुन तहका लागि उपयुक्त छ भन्ने कुराको जानकारीले पाठ्यक्रम निर्मातालाई र अन्य सरोकारवालालाई पनि आवश्यक सहयोग प्रदान गर्नेछ । अतः यो शोधपत्र नीतिगत रूपमा पठनपाठनका क्षेत्रमा, पाठ्क्रम निर्माण र पाठयपुस्तक लेखनका क्षेत्रमा कार्यान्वयन गर्न सकिने छ ।

## २.३ सैद्धान्तिक र धारणात्मक संरचना

यस अनुसन्धान तयार गर्न यस पूर्वका अनुसन्धानहरूलाई सूक्ष्म रूपमा अध्ययन गरिएको छ । यस अनुसन्धानलाई पूर्ण रूपमा तयार गर्न प्राडा पारसमणि भण्डारीको ‘नेपाली गद्य र नाटक’ पुस्तक, ‘प्रयोगात्मक शब्दकोश’ र ‘नेपाली बृहत् शब्दकोश’ लाई आधार मानिएको छ । शब्द भनेको भाषाको सम्पत्ति हो । सम्पत्तिको समूह शब्दभण्डार हो । जसरी व्यक्तिको सम्पत्तिको भण्डार विभिन्न किसिमले सङ्गठित भएको हुन्छ । त्यसैगरी भाषाको शब्दभण्डार पनि विभिन्न किसिमले संरचित भएको हुन्छ । यस्ता शब्दभण्डारका शब्दहरूलाई विभिन्न आधारमा विश्लेषण गरिन्छ । यसमध्ये शब्दभण्डारको विश्लेषणका मुख्य आधारहरू व्युत्पति, कार्य र स्रोत गरी तीन वटा छन् । व्युत्पति शब्दको बनोट, कार्यले त्यसको वाक्यात्मक कार्य र स्रोतले शब्द प्राप्त हुने ठाउँलाई जनाउछ (गौतम र अन्यः २०५९:१३०) । यिनै सैद्धान्तिक आधारहरू मध्ये यहाँ स्रोतगत आधार अपनाएर विश्लेषण गरिएको छ ।

## अध्याय तीन : अध्ययनको प्रक्रिया

### ३.१. अध्ययनको संरचना

स्नातकोत्तर तह प्रथम वर्षको नेपाली पुस्तकमा भएका कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको संख्यात्मक खोज गरिने हुनाले प्रस्तुत शोधपत्र संख्यात्मक प्रकृतिको रहेको छ । संख्यात्मक रूपमा तत्सम शब्दहरूको खोजी गरेर ती शब्दहरूको शब्दवर्ग, बनोट प्रक्रिया, वर्ग, अर्थ, पाठको शीर्षक, पृष्ठ संख्या र आवृत्तिका आधारमा विश्लेषण गरिएको छ, तसर्थ यसमा पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधि र विश्लेषण विधि अपनाइएको छ ।

### ३.२ जनसङ्ख्या र नमुना

अनुसन्धान कार्य तथ्य, प्रमाण वा सामग्रीमा आधारित अध्ययन भएकोले निश्चित सामग्री अर्थात जनसङ्ख्याको अध्ययन विश्लेषणमा आधारित हुन्छ । यस शोधपत्रमा जनसंख्याको रूपमा स्नातकोत्तर तह प्रथम वर्षको नेपाली गद्य र नाटक पुस्तकमा भएका कथा विधामा प्रयुक्त सबै तत्सम शब्दहरूलाई लिइएको छ ।

### ३.३ नमुना छनोट प्रक्रिया

अनुसन्धान कार्य सम्पन्न गर्नाका लागि सम्पूर्ण जनसंख्यालाई छनोट गर्न नसकिने भएकाले सबै गुणको प्रतिनिधित्व गर्ने गरी निश्चित समूहमा जनसङ्ख्या छनोट गर्नु पर्ने हुन्छ । यहाँ स्नातकोत्तर तह प्रथम वर्षको नेपाली पुस्तकमा भएका कथा विधामा प्रयुक्त तत्सम शब्दहरूलाई जनसंख्याको रूपमा लिइ, पुस्तकालयीय विधि अपनाई सामग्री सङ्कलन गरिएको छ ।

### ३.४ तथ्याङ्क संकलनका साधनहरू

यस शोधपत्रमा निम्न साधनहरूको प्रयोग गरिएको छ :

**क) प्राथमिक स्रोत**

यस शोधपत्रमा प्राथमिक स्रोतको रूपमा स्नातकोत्तर तह प्रथम वर्षको प्रा.डा. पारसमणि भण्डारीको 'नेपाली गद्य र नाटक' पुस्तकलाई लिइएको छ ।

**ख) द्वितीयक स्रोत**

यस शोधपत्र सम्पन्न गर्नाका लागि प्रयोग गरिएका द्वितीयक स्रोतका साधनहरूको रूपमा अप्रकाशित शोधपत्र, भाषाविज्ञानका पुस्तकहरू, शिक्षक सुझाव तथा निर्देशनलाई लिइएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

तथ्याङ्क संकलन गर्न निश्चित विधि र प्रक्रिया अवलम्बन गर्नु पर्ने हुन्छ । यस शोधपत्रमा पुस्तकालयीय विधिबाट तथ्याङ्क सङ्कलन गरिएको छ । यस शोधपत्रमा स्नातकोत्तर तह प्रथम वर्षको नेपाली पुस्तकमा भएको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू सङ्कलन गरिएको छ । ती तत्सम शब्दहरू विश्लेषणका निम्ति नेपाली बृहत् शब्दकोश र प्रयोगात्मक शब्दकोशको साहयताबाट सामग्री सङ्कलन गरिएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

कुनै पनि शोधपत्र तयार पार्दा तथ्याङ्क सङ्कलन पश्चात निश्चित नियम र विधिमा आधारित रहेर तथ्याङ्कको व्याख्या विश्लेषण गर्नु पर्ने हुन्छ । यस शोधपत्रमा स्नातकोत्तर तहको प्रथम वर्षको 'नेपाली गद्य र नाटक' पुस्तकको कथा विधामा प्रयोग भएका तत्सम शब्दहरू सङ्कलन गरेर नेपाली बृहत् शब्दकोश र अन्य सम्बन्धित पुस्तकहरूबाट तत्सम शब्दहरूको अर्थ, निर्माण प्रक्रिया, शब्दवर्गको स्थिति, तत्सम शब्दहरूको अवस्था र आवृत्तिको अध्ययन विश्लेषण गरिएको छ । पाठगत आधारमा तत्सम शब्दहरूको सङ्ख्या वा वितरण र आवृत्तिको स्थितिलाई तालिकामा देखाइएको छ ।

## अध्याय-चार : तत्सम शब्दहरूको विश्लेषण

### परालको आगो

पूर्वीय आदर्शवादी विचारधाराको धरातलमा उभिएर कथा रचना गर्ने कथाकार गुरुप्रसाद मैनाली ( वि.सं. १९५७-२०२८) को ‘नासो’ कथासङ्ग्रहमा परालको आगो कथा सङ्ग्रहित छ । गुरुप्रसाद मैनालीले प्रहसन, निबन्ध, कविता लेखे पनि उनी मूलतः कथाकारकै रूपमा स्थापित भएका छन् । सङ्ख्यात्मक रूपमा कमै कथा लेखे पनि उनको यस ‘परालको आगो’ कथालाई नेपाली साहित्यको एक उत्कृष्ट रचनाको रूपमा लिइन्छ ।

परालको आगो कथा नेपाली समाजमा आधारित यथार्थवादी कथा भएकोले यसमा नेपाली भाषका ठेट शब्दहरूको प्रयोग ज्यादा र तत्सम शब्दहरूको प्रयोग केही न्यून देखिन्छ । परालको आगो कथामा प्रयुक्त तत्सम शब्दहरूको वर्ग, निर्माण प्रक्रिया, अर्थ निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**तालिका संख्या-१**

| शब्द | वर्ग | व्युत्पति | अर्थ | पाठ | पृष्ठ |
|---|---|---|---|---|---|
| वर्ष | नाम | मूल शब्द | १२ महिना ३६५ दिनको समय । | | ५० |
| परचक्री | विशेषण | पर+चक्र+ई | पराइ अन्यत्रको । | | ५० |
| स्वर | नाम | स्व+राज् | व्यक्त वा अव्यक्त आवाज । | | |
| भक्त | नाम | भज्+त | ईश्वरप्रति आस्था राख्ने व्यक्ति ईश्वरको भक्ति गर्ने मानिस । | | ५१ |
| दिन | नाम | मूल शब्द | सूर्य उदाएपछि नअस्ताएसम्मको समय वा अवधि । | | |
| विराटपर्व | नाम | विराट + पर्व | ठूलो चाड । | | |
| गगन | नाम | मूल शब्द | आकाश । | | |
| रूप | नाम | मूल शब्द | कुनै व्यक्ति, वस्तु आदिको बाहिरी स्वरूप, आकार, आकृति । | | |
| स्तोत्र | नाम | स्तु+त्र | देवताको स्तुति, मन्त्र आदि भएको किताब । | | |
| जीवन | नाम | जीव्+अन | प्राणीको जन्मदेखि मृत्युसम्मको अवधि जिन्दगी । | | ५२ |
| तुलना | नाम | तुल्+अन्+आ | कुनै वस्तुको आकार, रूप, गुण आदिको समानता र असमानतालाई दाँज्ने काम | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | । | | |
| विगत | विशेषण | वि+गम्+त | अतीत बितेको समय । | | |
| शीतल | विशेषण | शीत + ल | ज्यादै तातो वा ज्यादै चिसो नभएको न गर्मी न जाडो । | | |
| शून्य | नाम | शूना + य | एकान्त सुनसान । | | |
| संसार | नाम | सम् + सार | पृथ्वीको सम्पूर्ण भूभाग विश्व दुनियाँ । | | |
| पुष्ट | विशेषण | पुष्+त | भरिलो पोटिलो | | |
| वर्ण | नाम | वृ+न | कुनै वस्तुको बाहिरी आकृति वा रूप हुलिया । | | |
| मनोहर | विशेषण | मनस् +हर | मनलाई लोभ्याउने वा हरण गर्ने आकर्षक । | | ५३ |
| साक्षात् | क्रियायोगी | स +अक्ष+आत् | आँखाको सामुन्ने अगाडि नै प्रत्यक्ष । | | |
| प्रवेश | नाम | प्र+विश | कोठा, घर आदिभित्र पस्ने तथा भित्रिने काम वा त्यस्तो प्रक्रिया । | | |
| तृप्त | विशेषण | तृप्+त | अघाएको सन्तुष्ट तृप्ति भएको । | | |
| हृदय | नाम | हृत्+अय | मन । | | |
| लेश | नाम | मूल शब्द | ज्यादै सानो अंश अत्यन्त थोरै । | | |
| अधम | विशेषण | अध+म | निम्न स्तरको नीच निकृष्ट । | | |
| कटाक्ष | नाम | कट+अक्ष | आँखाको एक कुनाबाट हेर्ने ढङ्ग कर्के आँखा । | | |

गुरुप्रसाद मैनालीद्वारा लिखित परालको आगो कथामा १,८, ८२ शब्दहरू प्रयोग भएका छन् । जसमध्ये २५ वटा तत्सम शब्दहरू प्रयोग भएका छन् । प्रतिशतका दृष्टिले हेर्ने हो भने १.३२ प्रतिशत तत्सम शब्दहरूका प्रयोग यस कथामा भएका छन् ।

परालको आगो कथामा आवृति भएका शब्दहरू निम्न तालिकामा प्रस्तुत गर्न सकिन्छः

**तालिका संख्या - २**

| शब्द | आवृत्ति |
|---|---|
| स्वर | २ |

परालको आगो कथामा एउटै मात्रै तत्सम शब्द 'स्वर'को २ पटक आवृत्ति भएको छ ।

श्वेतभैरवी

मनोविज्ञान अथवा यौनमनोविज्ञानको विषयवस्तुलाई लिएर कथा निर्माण गर्ने कथाकार विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१-२०३९) ले श्वेतभैरवी रचना गरेका हुन् । उनी नेपाली साहित्याकाशमा आधुनिक मनोवैज्ञानिक धाराका प्रणेता हुन् । उनको दोषी चश्मा र श्वेतभैरवी दुई कथासङ्ग्रहहरू प्रकाशित छन् ।

मनोवैज्ञानिक यथार्थवादी कथा श्वेतभैरवीमा तत्सम शब्दको प्रयोग बढी मात्रामा भएको देखिन्छ । श्वेतभैरवी कथामा प्रयुक्त तत्सम शब्दको वर्ग, शब्दनिर्माण प्रक्रिया, अर्थलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**तालिका संख्या-३**

| शब्द | वर्ग | व्युत्पति | अर्थ | पृष्ठ (पारसमणि भण्डारीको नेपाली गद्य र नाटक पुस्तकका आधारमा) |
|---|---|---|---|---|
| ऋतु | नाम | मूल शब्द | प्राकृतिक अवस्था अनुसार वर्षभरिको दुई दुई महिनाका दरले फेरिने वातावरणीय स्थिति वा त्यस अनुसार हुने समय विभाजन । | ६६ |
| शरद | नाम | मूल शब्द | छ ऋतुमध्ये चौथो ऋतु वर्षापछिको ऋतु । | ६६ |
| रौद्र | नाम | रुद्र+अ | डरलाग्दो भयङ्कर प्रचण्ड । | ६६ |
| पृथ्वी | नाम | पृथु+वी | ढुङ्गा, माटो आदिले बनेको बस्ती, मनुवादि जीवजन्तुको बस्ती भएको, सौरमण्डलको एक ग्रह भूमि धर्ती । | ६६ |
| जलराशि | नाम | जल+राशि | पानीको अथाह राशि । | ६६ |
| उत्पात | नाम | उत्+पात | आकस्मिक रूपमा हुने कष्टदायक कुनै घटना । | ६६ |
| वायुमण्डल | नाम | वायु+मण्डल | पृथ्वीको चारैतिर रहेको हावाको आवरण वातावरण । | ६६ |
| प्रसववेदना | नाम | प्रसू+अ+विद्+अन +आ | प्रसवपीडा । | ६६ |

| | | | | |
|---|---|---|---|---|
| वायु | नाम | मूल शब्द | बतास । | ६६ |
| वेग | नाम | मूल शब्द | शीघ्र गति । | ६६ |
| निश्शङ्क | विशेषण | निस् +शङ्का | शङ्कारहित । | ६६ |
| मनुष्य | नाम | मनु+ष्य | मानिस । | ६६ |
| मूलाधार | नाम | मूल+आधार | मुख्य आधार । | ६६ |
| शान्त | नाम | शम्+त | स्थिर अवस्था । | ६६ |
| ग्रामीण | विशेषण | ग्राम+ईन | ग्राम वा गाउँसँग सम्बन्धित । | ६६ |
| उपयोगी | विशेषण | उप+युज्+ई | काममा प्रयोग गर्न हुने वा सकिने । | ६६ |
| अशान्त | विशेषण | अ+शम्+त | शान्त नभएको चञ्चल । | ६६ |
| वधू | नाम | मूल शब्द | बेहुली दुलही । | ६६ |
| वक्रखड्ग | नाम | वक्र+खड्ग | बाङ्गिएको खड्ग । | ६६ |
| उन्मत्त भैरवी | नाम | उन्मत्त+भैरवी | पशुपतिनाथका मन्दिरदेखि दक्षिणपट्टि रहेको एक प्रसिद्ध भैरव । | ६६ |
| अचपल | विशषण | अ+चपल | चञ्चले नभएको स्थिर । | ६६ |
| धार | नाम | मूल शब्द | नदी वा समुद्रको पानीको प्रवाह । | ६६ |
| लज्जाशील | विशेषण | लज्जा+शील | लज्जालु स्वभावैले लाज मान्ने । | ६६ |
| स्निग्ध | विशेषण | स्निज्+त | चिल्लो सफा । | ६६ |
| मनोहर | विशेषण | मनस् +हर | मनलाई लोभ्याउने खालको । | ६६ |
| खण्ड | नाम | मूल शब्द | कुनै सिङ्गो वस्तुको भाग टुक्रा । | ६६ |
| कल्पना | नाम | क्लृप्+अन+आ | अनुमान सोच । | ६६ |
| स्मृति | नाम | स्मृ+ति | स्मरण गरिएको याद गरिएको । | ६६ |
| अनावश्यक | विशेषण | अन्+आवश्यक | नचाहिने नचाहिएको । | ६६ |
| चर्चा | नाम | चर्च्+आ | विचारविमर्श गम्भीर छलफल । | ६६ |
| नितान्त | क्रियाविशेषण | मूल शब्द | एकदम बिल्कुल । | ६६ |
| स्वर्णग्राम | नाम | स्वर्ण+ग्राम | सुनौलो गाउँ । | ६६ |

| | | | | |
|---|---|---|---|---|
| निर्दोष | विशेषण | निर्+दुष्+अ | दोष नभएको निष्कलङ्क । | ६६ |
| निश्चित | विशेषण | निश्च्+इत | निश्चय गरिएको पक्का । | ६६ |
| निर्बाध | विशेषण | निर्+बाध | कुनै बाधा वा प्रतिबन्ध नभएको । | ६६ |
| ग्रामबालिका | नाम | ग्राम+बालिका | गाउँकी बालिका । | ६६ |
| परिणाम | नाम | परि+नम्+अ | निष्कर्ष फल नतिजा । | ६६ |
| बालिका | नाम | बाल+इका | सानी केटी । | ६६ |
| परिपक्व | विशेषण | परि+पक्व | राम्ररी पाकेको पूर्णतया पक्व । | ६६ |
| परिपक्वता | नाम | परिपक्व+ता | परिपक्व हुनुको भाव गुण वा विशेषता । | ६६ |
| वातावरण | नाम | वात+आवरण | आफू वरिपरिको परिवेश । | ६६ |
| युवती | नाम | युवन्+ती | जवान स्त्री तरुनी । | ६६ |
| रमणी | नाम | रमण+ई | सुन्दरी आइमाई । | ६६ |
| असाधारण | विशेषण | अ+साधारण | सामान्य भन्दा भिन्न । | ६६ |
| आभा | नाम | आ+भा | कुनै वस्तु आदिमा देखा पर्ने चमक । | ६६ |
| अत्यन्त | विशेषण | अति+अन्त | ज्यादा अत्यधिक । | ६६ |
| स्वर्णिम | विशेषण | स्वर्ण+इम | सुनजस्तै चम्किलो सुनौलो । | ६६ |
| शृङ्गारप्रसाधन | नाम | शृङ्गार+प्रसाधन | शृङ्गारका सामग्रीहरू । | ६६ |
| अवयव | नाम | अव+यव | शरीरको कुनै भाग अङ्ग । | ६६ |
| आकर्षण | नाम | आ+कृष्+अन | मानिस वा वस्तुलाई आफूपट्टि तान्ने शक्ति । | ६७ |
| मातृ | नाम | मूल शब्द | आमा जननी । | ६७ |
| मञ्जरी | नाम | मूल शब्द | बोट बिरुवा आदिमा निस्कने पालुवा । | ६७ |
| स्वभाव | नाम | स्व+भाव | निजी भाव । | ६७ |
| स्वयम् | क्रियाविशेषण | मूल शब्द | आफू नै आफैं । | ६७ |
| नदी | नाम | नद+ई | ठूलो खोला । | ६७ |

| | | | | |
|---|---|---|---|---|
| नाट्य | नाम | नट्+य | नाटक अभिनय गरिने । | ६७ |
| शान्त | विशेषण | शम्+त | सुनसवर्पन । | ६७ |
| हठात् | क्रियाविशेषण | मूल शब्द | एक्कासि । | ६७ |
| आकस्मिक | विशेषण | अकस्मात्+इक | अचानक भएको वा गरिएको कार्य । | ६७ |
| पात्र | नाम | मूल शब्द | अभिनेता अभिनेत्री । | ६७ |
| विनोद | नाम | वि+नुद्+अ | आनन्ददायी क्रियाकलाप मनोरञ्जन । | ६७ |
| अपराह्न | नाम | अपर+अह्न | दिनको तेस्रो प्रहर । | ६७ |
| ध्वनि | नाम | ध्वन्+इ | आवाज । | ६७ |
| चराचर | नाम | चर+अचर | विश्व । | ६७ |
| मौन | विशेषण | मुनि+अ | नबोल्ने नियम वा क्रिया चुप । | ६७ |
| नीरवता | नाम | नीरव्+ता | कुनै आवनज नभएको स्थिति शून्यता । | ६७ |
| सर्वव्यापी | विशेषण | सर्व+व्यापी | सबै ठाउँमा फैलिएको । | ६७ |
| चेतना | नाम | चित्+अन+आ | सत असत् छुट्याउन सक्ने बुद्धि विवेक । | ६७ |
| तीव्र | विशेषण | मूल शब्द | साह्रै छिटो । | ६७ |
| आशा | नाम | मूल शब्द | अभिलाषा । | ६७ |
| आशङ्का | नाम | आ+शङ्का | दुविधा शङ्का सन्देह । | ६७ |
| आकुलता | नाम | आकुल+ता | आकुल हुनुको भाव वा अवस्था बेचैनी । | ६७ |
| निस्तब्धता | नाम | निस् +तब्ध+ता | सुनसान अवस्थाको भाव सन्नाटा । | ६७ |
| प्रचण्ड | विशेषण | प्र+चण्ड | ज्यादै चर्को स्वभावको । | ६७ |
| प्रिय | विशेष | प्री+य | मन परेको प्यारो । | ६७ |
| दृढता | नाम | दृढ+ता | दृढ हुनुको भाव । | ६७ |
| केवल | अव्यय | मूल शब्द | त्यही एक मात्र सिवाय । | ६७ |
| प्रकट | विशेषण | प्र+कट | प्रत्यक्ष भएको । | ६७ |
| श्मसान | नाम | मूल शब्द | मसान मसानघाट । | ६७ |

| | | | | |
|---|---|---|---|---|
| एकान्त | विशेषण | एक+अन्त | कोही नभएको सुनसान । | ६७ |
| भय | नाम | भी+अ | डर त्रास । | ६७ |
| अभय | नाम | अ+भय | निर्भय नीडर । | ६७ |
| तृण | नाम | तृ+न | झार झिक्राझिक्री । | ६७ |
| रहस्य | नाम | रहस् +य | मूल तत्व भित्री आशय । | ६८ |
| प्रवेश | नाम | प्र+विश्+अ | बाहिरबाट भित्र जाने प्रक्रिया । | ६८ |
| विनोदता | नाम | वि+नुद्+अ+ता | मन बहलाउने भाव । | ६८ |
| अवसर | नाम | अव+सर | मौका समय | ६८ |
| अनुभव | नाम | अनु+भव | भोगाइ चेताइ । | ६८ |
| दृष्टि | नाम | दृश्+ति | हेर्ने काम हेराई । | ६८ |
| बोध | नाम | बुध्+अ | ज्ञान समझ जानकारी । | ६८ |
| वाचाल | विशेषण | वाच्+आल | बोल्नमा सिपालु । | ६८ |
| विवाह | नाम | वि+वह्+अ | विहे । | ६८ |
| प्रेम | नाम | प्री+इम | आत्मीयता अनुराग । | ६८ |
| मार्मिक | विशेषण | मर्म+इक | हृदयलाई प्रभावित पार्ने मन छुने । | ६८ |
| लक्ष्य | नाम | लक्ष्+य | उद्देश्य ध्येय । | ६८ |
| सम्बन्ध | नाम | सम्+बन्ध | एउटै कुलमा जन्मनाले वा विवाह आदिले जाडिएको नाता । | ६८ |
| गोपनीय | विशेषण | गुप्+अनीय | प्रकट गर्न नुहने । | ६८ |
| सदासर्वदा | क्रियाविशेषण | सदा+सर्वदा | सदाकाल सधैंभरि । | ६८ |
| लज्जा | नाम | लज्+आ | सङ्कोच सरम लाज । | ६८ |
| आवरण | नाम | आ+वरण | ढक्कन विर्को । | ६८ |
| निर्लज्जता | नाम | निर्+लज्ज+ता | लाज नभएको । | ६८ |
| निश्चय | नाम | निस्+चिय | पक्का टुङ्गो | ६८ |
| अवस्था | नाम | अव+स्था | कुनै घटना वा कार्यको स्थिति । | ६८ |

| | | | | |
|---|---|---|---|---|
| आकृति | नाम | आ+कृति | आकार अनुहार बनावट । | ६८ |
| पौरुष | नाम | पुरुष+अ | सामान्य रूपमा पुरुषमा हुने गुण । | ६८ |
| विचित्र | विशेषण | वि+चित्र | कतै कही नदेखिएको अनौठो । | ६८ |
| आकृति | नाम | आ+कृति | आकार । | ६८ |
| वृक्ष | नाम | मूल शब्द | रूख । | ६८ |
| परिवर्तन | नाम | परि+वृत्+अन | हेरफेर अदलाबदली । | ६८ |
| वेग | नाम | मूल शब्द | शीघ्र गति । | ६८ |
| ओष्ठयद्वय | नाम | ओष्ठ्य+द्वि+अ | दुई ओठ । | ६८ |
| सङ्गम | नाम | सम्+गम | साहचर्य सङ्गति संयोग । | ६८ |
| चिह्न | नाम | मूल शब्द | निसाना चिनो । | ६८ |
| चुम्बन | नाम | चुम्ब्+अन | म्वाइँ खाने काम । | ६८ |
| माहात्म्य | नाम | महात्मा+य | महिमा गुणगान । | ६८ |
| पति | नाम | मूल शब्द | लोग्ने पोइ । | ६८ |
| पत्नी | नाम | पति+नी | विधिपूर्वक विवाह गरेर ल्याइएकी स्त्री स्वास्नी । | ६८ |
| व्यग्र | विशेषण | वि+अग्र | व्याकुल विह्वल । | ६९ |
| यद्यपि | संयोजक | यदि+अपि | यसो भए तापनि । | ६९ |
| विचित्र | विशेषण | वि+चित्र | धेरै रङ्ग भएको । | ६९ |
| दृष्टिपात | नाम | दृष्टि+पात | नजर लगाउने काम । | ६९ |
| उल्लास | नाम | उत्+लास | आनन्द हर्ष । | ६९ |
| आमोद | नाम | आ+मोद | आनन्द खुसियाली । | ६९ |
| दृष्टि | नाम | दृश् +ति | हेराइ हेर्ने काम । | ६९ |
| आशङ्का | नाम | आ+शङ्का | दुविधा शङ्का । | ६९ |
| कालिमामय | विशेषण | कालिमा+मय | कालो नै कालो भएको । | ६९ |
| शिर | नाम | मूल शब्द | टाउको माथ । | ६९ |

| | | | | |
|---|---|---|---|---|
| वाणी | नाम | वाण+ई | बोली भाषा । | ६९ |
| शुष्कता | नाम | शुष्क+ता | शुष्क हुनाको भाव वा स्थिति । | ६९ |
| लुप्त | विशेषण | लुप्+त | लुकेको छिपेको हराएको । | ६९ |
| वर्ण | नाम | वृ+अन | रङ्ग । | ६९ |
| भयङ्कर | विशेषण | भयम्+कर | डरलाग्दो भयानक । | ६९ |
| रौद्रता | नाम | रौद्र+ता | प्रचण्डता उग्रता । | ६९ |
| यौवनचिन्ह | नाम | यौवन +चिन्ह | जवानीमा प्रवेश गरेको चिनो जवानीका सङ्केत । | ६९ |
| हरिणी | नाम | हरिण +इ | हरिणको स्त्री जाती । | ६९ |
| तीक्ष्ण | विशेषण | तीक्ष+न | तीखो धारिलो । | ६९ |
| निःश्वास | नाम | निस् +श्वास | लामो सास सुस्केरा । | ६९ |
| अतृप्त | विशेषण | अ+तृप्त | बौद्धिक वा मानसिक भोकले सताएको । | ६९ |
| अशरीरी | विशेषण | अ+शरीर+ई | शरीर नभएको । | ६९ |
| उच्छ्वास | नाम | उत्+श्वास | फोक्सोबाट बाहिर निस्कने श्वास । | ६९ |
| अतर्क्य | विशेषण | अ+तर्क्य | तर्क गर्न नसकिने वा नपर्ने । | ६९ |
| प्रकृति | नाम | प्र+कृति | व्यक्ति वा वस्तुको मूलभूत विशेषता । | ६९ |
| नग्न | विशेषण | मूल शब्द | नाङ्गो निर्वस्त्र । | ६९ |
| प्रलय | नाम | प्र+लय | सर्वनास विध्वंस । | ६९ |
| प्रलयङ्कारी | विशेषण | प्रलयम+कारी | प्रलय गर्ने प्रलयङ्कार । | ६९ |
| उग्र | विशेषण | मूल शब्द | तीव्र कडा चर्को । | ६९ |
| प्रति | नामयोगी | मूल शब्द | तिर तर्फ पट्टि । | ६९ |
| श्वेतभैरवी | नाम | श्वेत+भैरवी | सेतो भैरवी । | ६९ |
| जटा | नाम | मूल शब्द | कपाल जगल्टा लट्टा । | ६९ |
| चरण | नाम | मूल शब्द | पाद पाउ गोडा । | ६९ |
| ताण्डव | नाम | तण्डु+अ | उफ्राइ, कुदाई बेसी हुने शिवको प्रसिद्ध | ६९ |

| | | | | |
|---|---|---|---|---|
| | | | नृत्य । | |
| शक्ति | नाम | शक+ति | बल तागत । | ६९ |
| यौन | विशेषण | योनि+अ | पुरुष र स्त्रीको सम्पर्क मैथुन । | ६९ |
| गर्त | नाम | मूल शब्द | खाल्टो खाडल । | ६९ |
| असंयमित | विशेषण | अ+संयमित | संयमको अभाव रहेको । | ६९ |
| खड्ग | नाम | मूल शब्द | हतियार । | ६९ |
| बाहु | नाम | मूल शब्द | हात भजा । | ७० |
| ईश्वर | नाम | इशे +वर | भगवान् परमेश्वर । | ७० |
| दानवी | नाम | दानव+ई | दानव कुलकी नारी राक्षेसी । | ७० |
| दानव | नाम | दान+अ | राक्षस असुर दैत्य । | ७० |
| श्मशान | नाम | मूल शब्द | मसान मरनघाट । | ७० |
| वायु | नाम | मूल शब्द | पवन हावा । | ७० |
| संज्ञा | नाम | सम्+ज्ञ+आ | वाह्य पदार्थको ज्ञान तर शरीर वा मनका कार्यव्यापारको अनुभूति । | ७० |
| त्राण | नाम | त्रै+ण | रक्षा बचाउ । | ७० |
| मार्ग | नाम | मूल शब्द | सडक पथ । | ७० |
| अकस्मात् | अव्यय/ क्रियापद | मूल शब्द | अचानक एक्कासी । | ७० |
| अनुद्विग्न | विशेषण | अन+उद्विग्न | मनमा कुनैपनि चिन्ता नभएको । | ७० |
| शीतल | विशेषण | शीत्+ल | ठिक्क खालको चिसो । | ७० |
| श्वेतवर्ण | विशेषण | श्वेत+वर्ण | सेतो वर्ण सेतो रङ्ग । | ७० |
| ग्राम | नाम | मूल शब्द | गाउँ । | ७० |
| तरुणी | विशेषण | तरुण+ई | नवयुवती पठ्ठी । | ७० |
| स्वभाव | नाम | स्व+भाव | आनीबानी चालचलन आदत । | ७० |
| पुनः | क्रियायोगी | मूलशब्द | फेरी फेरी । | ७० |

| | | | | |
|---|---|---|---|---|
| प्राप्त | विशेषण | प्र+आप्+त | भेटेको भेट्टाइएको । | ७० |
| शोभामय | विशेषण | शुभ+अ+मय | सुहाउने । | ७० |
| द्विरागमन | नाम | द्विः+आगमन | दोस्रो पटक आउने काम पुनरागमन । | ७० |
| अज्ञात | विशेषण | अ+ज्ञात | ज्ञान नभएको । | ७० |
| अनुभव | नाम | अनु+भव | भोगाई चेताई । | ७० |
| निर्दोष | विशेषण | निर्+दुष+अ | दोष नभएको गल्ती नभएको । | ७० |
| कोष | नाम | मूलशब्द | पातलो झिल्लीले बेरिएको र जीवनरसको केन्द्र समेत भएको शरीरमा रहने मांसपिण्ड वा कण । | ७० |
| विवेचना | नाम | विवेचन+आ | राम्रो नराम्रो सत्यअसत्य छुट्याउने काम | ७० |
| स्पष्ट | विशेषण | स्पस्+त | छर्लङ्ग प्रष्ट । | ७० |
| अवस्था | नाम | अव+स्था | बेला समय काल | ७० |
| धारण | नाम | धृ+अन | कुनै वस्तु राम्ररी लिने समाउने वा बोक्ने काम । | ७० |
| आजीवन | क्रियाविशेषण | आ+जीवन | जिन्दगी भर नै बाचुन्जेल । | ७० |
| दर्शन | नाम | दृश्+अन | नजर गराइ हेराइ । | ७० |
| शरीर | नाम | मूल शब्द | देह जिउ आकृति । | ७० |

विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित श्वेतभैरवी कथामा २, ६, ४९ शब्दहरू प्रयोग भएका छन् । त्यस मध्ये १९० वटा तत्सम शब्दहरू रहेका छन् । प्रतिशतका दृष्टिले ७.१७ प्रतिशत तत्सम शब्दहरूको प्रयोग यस कथामा भएका छन् । श्वेतभैरवी कथामा आवृत्ति भएका तत्सम शब्दहरूलाई निम्न तालिकामा प्रस्तुत गर्न सकिन्छ :

**तालिका संख्या-४**

| शब्द | आवृत्ति | शब्द | आवृत्ति |
|---|---|---|---|
| रौद्र | ३ | निस्तब्धता | २ |
| वर्षा | २ | गोपनीय | २ |

| | | | |
|---|---|---|---|
| ग्रामबालिका | २ | उच्छ्वास | २ |
| नीरवता | २ | श्वेतभैरवी | ३ |
| शान्त | ४ | | |

श्वेतभैरवी कथामा ९ ओटा तत्सम शब्दहरूको आवृत्ति भएको छ । त्यस मध्येमा शान्त शब्दको सबै भन्दा धेरै चार पटक आवृत्ति भएको देखिन्छ ।

मैयाँसाहेब

मनोविज्ञान र समाजलाई मुख्य विषयस्रोत बनाइएको कथा 'मैयाँसाहेब' को रचयिता भवानी भिक्षु (वि.सं. १९६६-२०३८) हुन् । मनोविज्ञानको विषयलाई उठाएर तत्कालीन सामाजिक र राजनीतिक अवस्थाको सम्मिश्रण गर्दै प्रेमको हार्दिकता र सौन्दर्यपूर्ण आत्मिकताको चित्रण मैयाँसाहेब कथामा भएको छ । भवानी भिक्षुका 'गुनकेशरी' 'मैयाँसाहेब' 'आवर्त' र 'अवान्तर' गरी चार कथासङ्ग्रहहरू प्रकाशित छन् ।

मनोवैज्ञानिक तथा मनोविश्लेषणात्मक कथा मैयाँसाहेबमा अधिक मात्रामा तत्सम शब्दको प्रयोग गरिएको छ । तत्समका साथै यस कथामा अवधि र हिन्दी भाषाको पनि प्रयोग गरिएको छ, जसको कारण कथा असम्प्रेषणीय र जटिल बनेको छ । मैयाँसाहेब कथामा प्रयुक्त तत्सम शब्दहरूको वर्ग, निर्माण प्रक्रिया, अर्थ आदिलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**तालिका संख्या-५**

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृष्ठ (पारसमणि भण्डारीको नेपाली गद्य र नाटक पुस्तकका आधारमा) |
|---|---|---|---|---|
| प्रजातन्त्र | नाम | प्रजा+तन्त्र | जनताबाट निर्वाचित प्रतिनिधिहरूबाट चलाइने शासन व्यवस्था । | ८२ |
| वर्ष | नाम | वृष्+अ | १२ महिना ३६५ दिनको समय । | ८२ |
| मानसिकता | नाम | मानसिक+ता | मनको अवस्था मनःस्थिति । | ८२ |
| यत्रतत्र | क्रियायोगी | यत्र+तत्र | सबैतिर जतासुकै । | ८२ |
| शृङ्खला | नाम | शृङ्खल+आ | रखाइको क्रम सिलसिला । | ८२ |
| सूत्र | नाम | मूल शब्द | धागो जनै । | ८२ |
| स्थापना | नाम | स्थापन+आ | विधिपूर्वक खडा गर्ने काम । | ८२ |
| शासन | नाम | शास् +अन | सरकारले जनतामाथि गर्ने नियन्त्रण वा नियमन । | ८२ |

| | | | | |
|---|---|---|---|---|
| सम्बद्ध | विशेषण | सम्+बद्ध | सम्बन्ध भएको जोडिएको । | ८२ |
| विशिष्ट | विशेषण | वि+शिष्ट | सबभन्दा माथिल्लो स्तरको । | ८२ |
| प्रभाव | नाम | प्र+भाव | परिणाम प्रतिफल । | ८२ |
| अस्तित्व | नाम | अस्ति+त्व | कुनै व्यक्ति, वस्तु आदि छँदा वा रहँदाको स्थिति । | ८२ |
| एकांश | विशेषण | एक+अंश | एक भाग एक अंश । | ८२ |
| परिवार | नाम | परि+वार | एकै घरमा बसी एउटै भान्सामा खाने एकै बुबाआमाको सन्तान । | ८२ |
| घृणा | नाम | मूल शब्द | वितृष्णा अरुचि घिन । | ८२ |
| हीनता | नाम | हीन+ता | हीन भावना नीचता । | ८२ |
| अर्थात् | संयोजक | अर्थ+आत् | अर्थदेखि अर्को शब्दमा । | ८२ |
| अप्रत्यक्ष | विशेषण | अ+प्रत्यक्ष | सामुन्ने नभएको अवस्था । | ८२ |
| चेतना | नाम | चेतन+आ | बुद्धि विवेक । | ८२ |
| अव्यक्त | विशेषण | अ+व्यक्त | अप्रकट लुकेको छिपेको । | ८३ |
| सन्तान | नाम | सम्+तान | छोराछोरी नातानातिनी आदि । | ८३ |
| तुलना | नाम | तुल्+अन+आ | कुनै वस्तुको आकार, रूप गुण आदिको सामानाता वा भिन्नतालाई दाँज्ने काम । | ८३ |
| हीन | विशेषण | हा+न | तल्लो तहको नीच । | ८३ |
| बोध | नाम | बुध्+अ | सुनेर, पढेर, हेरेर कुनै कुरा बुझ्ने काम | ८३ |
| पर्यन्त | नामयोगी | परि+अन्त | सम्म तक । | ८३ |
| माध्यम | नाम | मध्यम+अ | उपयोगी साधन उपकरण । | ८३ |
| वंश | नाम | मूल शब्द | कुल खलक । | ८३ |
| तुच्छता | नाम | तुच्छ+ता | क्षुद्रता नीचता । | ८३ |
| यद्यपि | संयोजक | यदि+अपि | यसो भए तापनि हुन ता । | ८३ |
| विज्ञापन | नाम | वि+ज्ञप्+अन | उद्योग, व्यापार आदिसँग सम्बन्धित संस्थाले आफ्नो उत्पादनहरूलाई | ८३ |

| | | | | |
|---|---|---|---|---|
| | | | सर्वसाधारणका लागि जानकारी दिने प्रचार प्रसार । | |
| बालिका | नाम | बाल+इका | सानी केटी बच्ची । | ८३ |
| निश्चित | नाम | निस् +चि+इत | पक्कै कुनै शङ्का, दुविधा नभएको स्थिति । | ८३ |
| मनोवैज्ञानिक | विशेषण | मनोविज्ञान+इक | मनोविज्ञानसँग सम्बन्धित । | ८३ |
| सृजना | नाम | सृज+अन+आ | सिर्जना गरिएको वस्तु । | ८३ |
| महत्ता | नाम | महत्+ता | महत्त्व उपयोगिता । | ८३ |
| क्रमिक | विशेषण | क्रम+इक | क्रम भएको सिलसिला मिलेको । | ८३ |
| विशिष्टता | नाम | विशिष्ट+ता | विशिष्ट हुँदाको स्थिति विशेष किसिमको स्थिति । | ८३ |
| मानवता | नाम | मानव+ता | मानवीय गुण । | ८३ |
| संतुलन | नाम | सम्+तुल्+अन | वस्तुको तौल वा मात्रा मिलाउने काम | ८३ |
| अहङ्कार | नाम | अहम्+कार | आफूलाई ठूलो ठान्ने स्वभाव घमण्ड । | ८३ |
| कृत्रिम | विशेषण | कृत्रि+म | बनावटी । | ८३ |
| दर्प | नाम | मूल शब्द | घमण्ड । | ८३ |
| स्वाभिमान | नाम | स्व+अभिमान | आत्मसम्मान गौरव । | ८३ |
| निर्माण | नाम | निर्+मान | विभिन्न वस्तु बनाउने काम रचना । | ८३ |
| क्रमश | क्रियायोगी | क्रम+शः | क्रमैसँग क्रमले । | ८३ |
| वर्ष | नाम | वृष्+अ | १२ महिना ३६५ दिनको समय । | १३७ |
| यौवन | नाम | युवन्+अ | तरुण अवस्था तन्नेरी । | १३७ |
| भद्र | विशेषण | मूल शब्द | भलादमी सभ्य सञ्जन । | १३७ |
| परम्परा | नाम | परम+परा | धेरै पहिलेदेखि चलिएको प्रचलन रिवाज प्रथा । | १३७ |
| आत्मतोष | नाम | आत्म+तोष | आत्म सन्तुष्टि । | १३७ |
| कर्तव्य | नाम | कृ+तव्य | नैतिक, सामाजिक धार्मिक उत्तरुदायित्व । | १३७ |
| समर्थन | नाम | सम्+अर्थ+अन | कसैको विचार, प्रस्ताव आदिलाई सही थप्ने काम । | १३७ |
| कैलाश | नाम | मूल शब्द | शिवजीको वाँसस्थान मानिएको प्रासिद्ध तीर्थस्थल । | १३७ |

| | | | | |
|---|---|---|---|---|
| स्थापना | नाम | स्थाप्+अना | विधिपूर्वक खडा गर्ने काम । | १३७ |
| संग्रह | नाम | सम्+गह | सङ्ग्रह । | १३७ |
| जनमत | नाम | जन+मत | साधरण जनताको मत । | १३७ |
| भ्रष्टाचार | नाम | भ्रष्ट+आचार | पद वा दायित्वमा रहेका व्यक्तिले अनुचित ढंगबाट आर्थिक हिनामिना गर्ने काम । | १३७ |
| मध्यस्थ | विशेषण | मध्य+स्थ | माझमा वा विचमा रहेको मध्वर्ती । | १३७ |
| आकाश | नाम | आ+काश | पृथ्वीमाथिको खुला वा खाली ठाउँ सगर आकास । | १३७ |
| युद्ध | नाम | युध्+त | भीषण आक्रमण सङ्ग्राम । | १३८ |
| वीरता | नाम | वीर+ता | वीरमा हुने गुण वा विशेषता साहस । | १३८ |
| लोकगाथा | नाम | लोक+गाथा | इतिहासमा प्रसिद्ध व्यक्तिको चरित्र वा घटनालाई गतिमा रचिएको कथा । | १३८ |
| उत्तेजना | नाम | उत्+तेजन +आ | कसैलाई भड्काउने वा सुऱ्याउँने काम उकास्ने वा विथोल्ने कार्य । | १३८ |
| उपस्थिति | नाम | उप+स्थिति | सामुन्ने रहेको वा प्रत्यक्ष देखिएको स्थिति । | १३८ |
| आभास | नाम | आ+भास | कुनै कुरा हो कि जस्तो लागेको अवस्था । | १३८ |
| पूर्वी | विशेषण | पूर्व+ई | पूर्वतिरको पूर्वको । | १३८ |
| योजना | नाम | योजन+आ | पूर्व तयारी पूर्व निधारित कार्यक्रम । | १३८ |
| यथावत् | क्रियायोगी | यथा+वत् | पहिले जस्तो थियो त्यस्तो पहिलेको जस्तो । | १३८ |
| प्रधानपञ्च | नाम | प्रधान+पञ्च | पञ्चायत कालमा गाउँ वा नगर पञ्चायतको प्रमुख । | १३८ |
| प्रश्न | नाम | पृच्छ्+न | जान्ने इच्छाले कसैलाई केही सोध्ने काम । | १३८ |
| गम्भीर | विशेषण | मूल शब्द | विचारको दृष्टिले गहिरो । | १३८ |
| पञ्चायत | नाम | पञ्च+आयत | नेपालमा वि.सं. २०१७ मा सुरु भई २०४६ मा अन्त्य भएको राजाको सक्रिय | १३८ |

| | | | | |
|---|---|---|---|---|
| | | | नेतृत्वमा पञ्चहरूद्वारा चलेको शासन व्यवस्था । | |
| पुरुषार्थ | नाम | पुरुष+अर्थ | पुरुषमा हुने विशेषता पुरुषत्व । | १३८ |
| प्रधान | विशेषण | प्र+धान | सबभन्दा ठूलो मुख्य । | १३८ |
| पक्ष | नाम | मूल शब्द | वादविवाद, झगडा आदिमा विभिन्न प्रतिस्पर्धी समूहमध्ये कुनै एक । | १३८ |
| गर्व | नाम | मूल शब्द | व्यक्तिमा हुने उच्चताको भाव । | १३९ |
| व्यावहारिक | विशेषण | व्यवहार+इक | व्यवहारमा भएको । | १३९ |
| उपदेश | नाम | उप+देश | असल कामका लागि दिइने अर्ती । | १३९ |
| सम्पादक | नाम | सम्+पाद्+अक | समाचार, पत्रिका, पुस्तक आदिलाई प्रकाशनका लागि उपयुक्त बनाउन काम गर्ने व्यक्ति सम्पादन गर्ने मानिस । | १३९ |
| कविता | नाम | कवि+ता | कविले रचना गरेको लयबद्ध वा मुक्तक रचना कविको कृति । | १३९ |
| कवि | नाम | कु+ई | कविता, काव्य आदिको सृजना गर्ने व्यक्ति । | १३९ |
| असङ्ख्य | विशेषण | अ+सङ्ख्या+य | गन्ती गर्न नसकिने अनगिन्त । | १३९ |
| कथा | नाम | कथ्+आ | घटना वा आख्यान भएको रचना कहानी । | १३९ |
| स्वर | नाम | स्वृ+ अ | व्यक्त वा अव्यक्त आवाज । | १३९ |
| विवश | विशेषण | वि+वश | इच्छा भए पनि केही गर्न नसक्ने बाध्यतामा परेको । | १३९ |
| व्यथित | विशेषण | व्यथ्+इत | व्यथाले गाँजेको व्यथाले पीडित | १३९ |
| समस्या | नाम | मूल शब्द | बाधा । | १३९ |
| सरल | विशेषण | सृ +अल | बाङ्गोटेढो नभएको सोझो । | १४० |
| आशामुखी | नाम | आशा+मुखी | अर्काको भरमा जीवन धान्ने व्यक्ति आसे । | १४० |
| छात्र | नाम | मूल शब्द | गुरुसँग पढ्ने व्यक्ति शिष्य । | १४० |
| अतिरिक्त | विशेषण | अति+रिक्त | रहेको वा भएकोमा थप । | १४० |

| | | | | |
|---|---|---|---|---|
| अक्षरारम्भ | नाम | अक्षर+आरम्भ | अक्षर वा वर्णमाला सिकाउँने कामको थालनी । | १४० |
| अनुहार | नाम | अनु+हार | मुखाकृति । | १४० |
| सौन्दर्य | नाम | सुन्दर+य | सुन्दर हुने तत्व शोभा । | १४० |
| अलौकिक | विशेषण | अ+लौकिक | यस लोकमा नभएको अर्को लोकको । | १४० |
| अभिभूत | विशेषण | अभि+भूत | कसैको वशमा नपरेको पराजित । | १४० |
| अत्यन्त | क्रियायोगी | अति+अन्त | साह्रै ज्यादै धेरै । | १४० |
| कुमुदिनी | नाम | कुमुद+इनी | रातमा चन्द्रमाको किरण पर्दा फूल्ने सेतो कमल चन्द्र कमल । | १४० |
| कुशाग्र | विशेषण | कुश+अग्र | कुशको टुप्पो जस्तो तिखो तीक्ष्ण । | १४० |
| अभ्यन्तर | नाम | अभि+अन्तर | भित्री भाग मध्य भाग । | १४० |
| कार्य | नाम | कृ+य | कसैले गरेको कामकाज । | १४० |
| शैली | नाम | शील्+ई | कुनै कार्य वा गतिविधिको ढङ्ग ढाँचा । | १४० |
| व्यापार | नाम | वि+आ+पार | लाभका लागि समान आदिको किनबेच । | १४० |
| वर्णन | नाम | वृ+अन | व्याख्या । | १४० |
| वर्णमाला | नाम | वर्ण+माला | अ देखि ज्ञ सम्मका अक्षर । | १४० |
| समाजशास्त्र | नाम | समाज+शास्त्र | मानव समाजको उत्पति, विकास, त्यसको संरचना तथा व्यवस्था आदिको अध्ययन गर्ने शास्त्र । | १४० |
| समाज | नाम | मूल शब्द | खास रहनसहन रीतिरिवाज धर्म आदिबाट आबद्ध रहेका मानिसहरूको समूह । | १४० |
| भविष्य | नाम | भू+(इ)+स्य | वर्तमानभन्दा पछिको समय आगामी बेला । | १४० |
| अन्याय | नाम | अ+न्याय | नीति तथा नियम विरुद्ध गर्ने काम । | १४० |
| अन्तिम | विशेषण | अन्त+इम | सबभन्दा पछिल्लो पुछारको । | १४० |
| अविश्वास | नाम | अ+विश्वास | विश्वास नभएको स्थिति अपत्यार । | १४० |

कथाकार मनु ब्राजाकीद्वारा लिखित 'गुरु, चेला र माकुराको जालो' कथामा १,६१८ शब्दहरू प्रयोग भएका छन् । जसमध्ये ८४ शब्दहरू तत्सम शब्दहरू रहेका छन् । प्रतिशतका दृष्टिले यस कथामा ५.१९

प्रतिशत शब्दहरू तत्सम रहेका छन् । गुरु, चेला र माकुराको जालो कथामा आवृत्ति भएका तत्सम शब्दहरू निम्न अनुसार रहेका छन्:

**तालिका संख्या-१४**

| शब्द | आवृत्ति | शब्द | आवृत्ति |
|---|---|---|---|
| कथा | ४ | भ्रष्टाचार | ४ |
| अन्योल | ३ | प्रधान | ५ |
| प्रधानपञ्च | ५ | | |

गरु, चेला र माकुराको जालो कथामा ५ वटा तत्सम शब्दहरू आवृत्ति भएका छन् । माथिको तालिकालाई हेर्दा प्रधान शब्द ५ पटक आवृत्ति भएको छ ।

आमा जानुहोस्

'आमा जानुहोस्' कथा यथार्थवादी प्रवृत्तिलाई अङ्गालेर कथा लेख्ने कथाकार माया ठकुरी (सन् १९४६) द्वारा लेखिएको हो । खास गरी पारिवारिक तथा सामाजिक समस्याका कारण सृजना भएको द्वन्द्वले उत्पन्न स्थितिको सूक्ष्म चित्रण गर्ने ठकुरीको 'नजुरेको जोडी', 'गमलाको फूल', 'साघुँ तरेपछि', 'आमा जानुहोस्', 'चौतारो साक्षी छ' जस्ता कथासङ्ग्रहहरू प्रकाशित भएका छन् ।

सामाजिक यथार्थमा आधारित कथा आमा जानुहोस्मा सरल, स्वाभाविक भाषाको प्रयोग भएको छ । यस कथामा तत्सम शब्दहरूको प्रयोग स्थिति हेर्दा सामान्य नै देखिन्छ । यस कथामा प्रयुक्त तत्सम शब्दहरू निम्नानुसार छन्:

**तालिका संख्या-१५**

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृष्ठ (पारसमणि भण्डारीको नेपाली गद्य र नाटक पुस्तकका आधारमा) |
|---|---|---|---|---|
| वर्ष | नाम | वृष्+अ | बाह्र महिनाको समय । | १४८ |
| वृद्धा | विशेषण | वृद्ध+आ | बूढी । | १४८ |
| वर्षीय | विशेषण | वर्ष+ईय | वर्ष पुगेको सालको । | १४८ |
| विषादपूर्ण | विशेषण | विषाद+पूर्ण | विषले युक्त विषालु । | १४८ |
| पत्नी | नाम | पति+नी | कसैको विवाहित स्त्री जोई । | १४८ |
| मानवी | नाम | मानव+ई | मानवकी स्त्री स्वास्नीमान्छे । | १४८ |
| असङ्ख्या | विशेषण | अ+सङ्ख्या+आ | गन्ती गर्न नसकिने अनगिन्ती । | १४८ |

| | | | | |
|---|---|---|---|---|
| आराम | नाम | आ+राम | थकाई मार्ने सुस्ताउने काम । | १४८ |
| क्षण | नाम | मूल शब्द | समयको ज्यादै सानो अंश । | १४८ |
| मर्माहत | विशेषण | मर्म+आहत | मर्ममा आघात वा चोट लागेको । | १४८ |
| निहित | विशेषण | नि+हित | भित्र रहेको तथा भएको अन्तर्निहित । | १४८ |
| स्पर्श | नाम | स्पृश्+अ | छुने काम छुवाई वा त्यसबाट हुने प्रभाव । | १४८ |
| अनुभूत | विशेषण | अनु+भूत | अनुभव गरिएको भोगेको । | १४८ |
| अवस्था | नाम | अव+स्था | कुनै घटना कार्य आदिको स्थिति । | १४८ |
| दयनीय | विशेषण | दय्+अनीय | दया गर्नु पर्ने दयालाग्दो । | १४८ |
| वेदना | नाम | विद्+अन+आ | मनमा हुने पीडा मनोव्यथा । | १४८ |
| विवश | विशेषण | वि+वश | इच्छा भए पनि केही गर्न नसक्ने लाचार । | १४८ |
| जन्मदात्री | विशेषण | जन्म+दात्री | जन्म दिने जन्माउँने । | १४८ |
| मानसिक | विशेषण | मनस् +इक | मनसम्बन्धी मनको । | १४८ |
| शारीरिक | विशेषण | शरीर+इक | शरीर सम्बन्धी शरीरको | १४८ |
| पीडा | नाम | पीड्+आ | दर्द वेदना कष्ट । | १४८ |
| पतिपत्नी | नाम | पति+पत्नी | लोग्ने स्वास्नी । | १४८ |
| शिक्षा | नाम | शिक्ष्+आ | देखेर, पढेर, सुनेर, सिकेर अनुभव गरेर प्राप्त हुने ज्ञान वा सीप । | १४८ |
| सक्षम | विशेषण | स +क्षम | कुनै काम गर्ने योग्यता क्षमता । | १४८ |
| मातापिता | नाम | माता+पिता | बुवाआमा । | १४८ |
| निर्वाह | नाम | निर्+वाह | आधारभूत आवश्यकताको जसोतसो पूर्ति सामान्य रूपमा जीविका चल्ने स्थिति । | १४८ |
| कर्तव्य | नाम | कृ+तव्य | नैतिक, सामाजिक, धार्मिक, प्रशासनिक कानुनी आदि दृष्टिले गर्नु पर्ने भनी तोकिएको काम । | १४८ |
| गोकुल | नाम | गो+कुल | गाइको बयान यमुना नदीको | १४८ |

| | | | | |
|---|---|---|---|---|
| | | | किनारमा रहेको एक तीर्थस्थल । | |
| प्रशंसा | नाम | प्र+शंस+आ | गुणगान तारिफ । | १४८ |
| परिवार | नाम | परि+वार | नाता, सम्पर्क, काम आदिले निकट रहेर एकै ठाउँमा बस्ने व्यक्तिहरूको समूह । | १४८ |
| मर्म | नाम | मूल शब्द | भित्री कुरो जड अभिप्राय । | १४८ |
| इच्छा आकांक्षा | नाम | इच्छा+आकाङ्क्षा | चाहना । | १४९ |
| आहात | विशेषण | आ+हत | बेसरी पिटिएको चोटपटक लागेको । | १४९ |
| जीवन | नाम | जीव+अन | प्राणीको जन्मदेखि मृत्युसम्मको अवधि आयु जिन्दगी । | १४९ |
| क्रियाकलाप | नाम | क्रिया+कलाप | मानिस वा प्राणीको सामान्य जीवनचर्या । | १४९ |
| विगत | विशेषण | वि+गत | गएको बितेको । | १४९ |
| वैधक्य | नाम | विधवा+य | विधवा भएको अवस्था । | १४९ |
| वाध्य | विशेषण | बाध्+य | काम गर्न चाहेर पनि गर्न नपाइने वा नचाहँदा पनि गर्नु पर्ने स्थिति विवश लाचार । | १४९ |
| सङ्घर्ष | नाम | सम्+घर्ष | कठोर परिश्रम हन्डर ठक्कर । | १४९ |
| सङ्घर्षशील | विशेषण | सङ्घर्ष+शील | सङ्घर्षमा लागेको सङ्घर्षमा निरन्तर संलग्न । | १४९ |
| लाञ्छना | नाम | लाञ्छ्+अन+आ | कसैलाई दोष लगाउने काम आरोप । | १४९ |
| लक्ष्यप्राप्ति | नाम | लक्ष्य+प्राप्ति | आफूले चाहेको वा आँटेको कुरा पाइने स्थिति । | १४९ |
| लज्जाबोध | नाम | लज्जा+बोध | लाज भएको ज्ञान । | १४९ |
| अपहेलना | नाम | अप+हेलना | तिरस्कार हेला हेपाई । | १४९ |
| अग्रसर | विशेषण | अग्र+सर | कुनै काममा अघि बढ्ने । | १४९ |
| वातावरण | नाम | वात+आवरण | परिवेश । | १४९ |

| | | | | |
|---|---|---|---|---|
| निरर्थक | विशेषण | निर्+अर्थ+क | अर्थ नभएको अर्थविनाको । | १४९ |
| प्रयास | नाम | प्र+यास | कोसिस जमर्को प्रयत्न । | १४९ |
| पक्षाघात | नाम | पक्ष+आघात | रक्तचाप, बाथ आदिले गर्दा शरीरको दायाबाँया पटी वा कुनै अङ्ग चेतनाहीन हुने रोग । | १४९ |
| उपक्रम | नाम | उप+क्रम | कामको थालनी गर्ने चेष्टा वा प्रयास कामको तयारी । | १४९ |
| असाध्य | विशेषण | अ+साध्+य | सिद्ध गर्न कठिन साध्य नहुने । | १४९ |
| समस्या | नाम | मूल शब्द | सामना गर्न अप्ठ्यारो वा असजिलो स्थिति । | १४९ |
| स्वस्थ | विशेषण | स्व+स्थ | शारीरिक, मानसिक रूपले कुनै रोग नभएको निरोगी । | १४९ |
| प्रकार | नाम | प्र+कार | किसिम वर्ग थरी । | १४९ |
| नियन्त्रण | नाम | नि+यन्त्र+अन | निर्धारित ऐन वा नियम अनुसार हुने कुनै कार्य वा गतिविधिको सञ्चालन, व्यवस्थापन वा नियमन गर्ने काम । | १४९ |
| त्याग | नाम | त्यज्+अ | त्याग्ने वा छाड्ने काम । | १४९ |
| गम्भीर | विशेषण | मूल शब्द | धैर्यशाली धीर शान्त । | १४९ |
| अवस्था | नाम | अव+स्था | कुनै कार्य घटना आदिको स्थिति । | १४९ |
| निषेध | नाम | नि+सेध | रोक्ने काम रोकावट+ रोक्का । | १४९ |
| आदेश | नाम | आ+देश | कुनै कामका लागि ठूलो सानालाई दिइने आदेश । | १५० |
| आहत | विशेषण | आ+हत | बेसरी पिटिएको थिचिएको । | १५० |
| प्रायः | क्रियायोगी | मूल शब्द | धेरै जसो प्राय गरेर । | १५० |
| औषधोपचार | नाम | औषध+उपचार | औषधीको प्रयोग गरेर रोग निको पार्ने कार्य औषधीद्वारा गरिने उपचार । | १५० |
| कारण | नाम | कृ+अन | घटना वा कार्य उत्पन्न गर्ने तत्व | १५० |

| | | | | |
|---|---|---|---|---|
| | | | कुनै परिणाम वा प्रभावको हेतु । | |
| दुःख | नाम | दुस् +ख | शारीरिक वा मानसिक पीडा कष्ट दुःख । | १५० |
| उपाय | नाम | उप+आय | समस्या वा कठिनाइ टार्नका लागि आवश्यक हुने जुक्ति युक्ति । | १५० |
| अप्रिय | विशेषण | अ+प्रिय | प्रिय नभएको मन नपर्ने नइच्छाएको । | १५० |
| अवस्था | नाम | अव+स्था | कुनै कार्य घटना आदिको स्थिति । | १५० |
| आर्थिक | विशेषण | अर्थ+इक | धन सम्पति सम्बन्धी । | १५० |
| असाध्य | विशेषण | अ+साध्+य | सिद्ध गर्न कठिन साध्य नहुने । | १५० |
| यावत् | विशेषण | या+वत् | समग्र सम्पूर्ण भएभरको । | १५० |
| विक्षिप्त | विशेषण | वि+क्षिप्त | दिमाग बिग्रेको बहुलाएको । | १५० |
| वृद्धावस्था | नाम | वृद्ध+अवस्था | बुढेसकाल बुढ्यौली । | १५० |
| ग्रसित | विशेषण | ग्रस्+इत | गाँजेको  पीडित । | १५० |
| मृत्यु | नाम | मृत्+यु | मर्ने क्रिया मरण निधन । | १५० |
| सुखदायी | विशेषण | सुख+दायी | सुखदायक । | १५० |
| वृद्धाश्रम | नाम | वृद्ध+आश्रम | बुढाबुढी बस्ने घर । | १५० |
| समाज | नाम | मूल शब्द | खास रहनसहन, रीतिरिवाज, धर्म आदिबाट आबद्ध रहेका मानिसहरूको समूह । | १५० |
| हृदयविदारक | विशेषण | हृदय+विदारक | मृटु दुःखाउँने । | १५० |
| पशुपति | नाम | पशु+पति | पशु (सम्पूर्ण प्राणी) का स्वामी मानिएको देवता महादेव शिव । | १५० |
| मन्दिर | नाम | मूल शब्द | देवी, देवताको मूर्ति वा प्रतिमा राखिएको ठाउँ । | १५० |
| भाषा | नाम | भाष्+आ | उच्चरित ध्वनि वा लेख्यचिह्नहरूको प्रयोग गरी | १५० |

| | | | | |
|---|---|---|---|---|
| | | | समुदायमा विचार आदानप्रदान गरिने प्रचलित माध्यम । | |
| सम्पन्न | विशेषण | सम्+पद्+न | सम्पत्ति प्रशस्त भएको । | १५० |
| कौतुहल | नाम | कुतुहल+अ | कुतुहल । | १५० |
| निर्दयी | विशेषण | निर्+दय्+इ | दया नभएको निठूरी । | १५० |
| अशक्त | विशेषण | अ+शच्+त | शारीरिक वा मानसिक शक्ति नभएको असमर्थ । | १५१ |
| आत्मा | नाम | आत्मन् | शरीरलाई जीवति राख्ने विश्वास गरिएको मूल तत्व । | १५१ |
| कुकृत्य | नाम | कु+कृत्य | गर्न नहुने काम खराब काम अपराधी । | १५१ |
| दुष्कर्म | नाम | दुस् +कर्म | खराब काम निन्दनीय कार्य । | १५१ |
| प्रश्न | नाम | पृच्छ+न | आफ्नो उत्सुकता शान्त पार्न गरिने सवाल । | १५१ |
| पश्चात्ताप | नाम | पश्चात्+ताप | पछुतो थकथकी । | १५१ |
| निराश्रय | विशेषण | निर्+आश्रय | निराश्रित । | १५१ |
| दुर्गति | नाम | दुर्+गति | खराब अवस्था दुर्दशा । | १५१ |
| अनेक | विशेषण | अन्+एक | एक भन्दा बढी धेरै थुप्रै । | १५१ |
| अबोध | विशेषण | अ+बोध | नबुझ्ने नजान्ने ज्ञानी । | १५१ |
| अकल्पनीय | विशेषण | अ+कल्पनीय | सोच्दै नसोचेको, कल्पना, गर्न नसकिने अशोचनीय । | १५१ |
| दुरवस्था | नाम | दुर्+अवस्था | अभाव, गरिबी आदिले हुने खराब अवस्था हालत । | १५१ |
| संसार | नाम | सम्+सार | पृथ्वीको सम्पूर्ण भू-भाग विश्व । | १५१ |
| जीवनपद्धति | नाम | जीवन+ पद्धति | जीवनशैली । | १५१ |
| अनुहार | नाम | अनु+हार | मुखाकृति । | १५१ |

कथाकार माया ठकुरीद्वारा लिखित आमा जानुहोस् कथामा १,५,२६ शब्दहरू प्रयोग भएका छन् । जसमध्ये १०५ शब्दहरू तत्सम रहेका छन् । प्रतिशतका दृष्टिले ७.८८ प्रतिशत तत्सम शब्दहरूको प्रयोग यस

कथामा भएको छ । आमा जानुहोस् कथामा आवृत्ति भएका तत्सम शब्दहरूलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

**तालिका संख्या-१६**

| शब्द | आवृत्ति | शब्द | आवृत्ति |
|---|---|---|---|
| वर्ष | २ | परिवार | ३ |
| वृद्धा | ४ | वृद्धाश्रम | ४ |
| पक्षाघात | ३ | | |

आमा जानुहोस् कथामा ५ वटा तत्सम शब्दहरू आवृत्ति भएका छन् । जसमध्ये सबै भन्दा धेरैपटक आवृत्ति हुने तत्सम शब्दहरू वृद्धा र वृद्धाश्रम ४/४ पटक अवृत्ति भएको देखिन्छ ।

वधशालामा बुद्ध

समसामयिक युगमा प्रखर कथाकार महेशविक्रम शाह (वि.सं. २०२१) द्वारा वधशालामा बुद्ध कथाको रचना भएको हो । द्वन्द्वविषयक कथा लेख्ने कथाकार महेशविक्रम शाहका कथाहरूमा मानवतावादी दृष्टिकोण पाइन्छ । उनका 'सटाहा', 'सिपाहीकी स्वास्नी', 'अफ्रिकन अमिगो' 'छापामारको छोरो' कथासङ्ग्रहहरू प्रकाशित छन् । छापामारको छोरो कथा सङ्ग्रहमा सङ्ग्रहित वधशालामा बुद्ध कथामा मृत्युको भयावह स्थितिलाई देखाइएको छ ।

वधशालामा बुद्ध कथामा यथार्थपरक भाषाको प्रयोग गरिएको छ । तद्भव र तत्सम शब्दको प्रयोग अधिक मात्रामा यस कथामा भएको देखिन्छ । यस कथामा प्रयुक्त तत्सम शब्दहरू निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**तालिका संख्या-१७**

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृष्ठ (पारसमणि भण्डारीको नेपाली गद्य र नाटक पुस्तकका आधारमा) |
|---|---|---|---|---|
| बधशाला | नाम | वध+शाला | पशु आदिलाई मार्ने ठाउँ । | १५९ |
| वुद्ध | नाम | वृध्+त | बुदध धर्मका प्रवर्तक एक प्रसिद्ध पुरुष । | १५९ |
| खण्ड | नाम | मूल शब्द | कुनै वस्तुको टुक्रो भाग वा अंश । | १५९ |
| क्रुरता | नाम | क्रूर+ता | क्रुर भएको अवस्था निष्ठुरता । | १५९ |
| भयावह | विशेषण | भय+आ+वह | भयङ्कर । | १५९ |
| वातावरण | नाम | वात+आवरण | परिवेश । | १५९ |

| | | | | |
|---|---|---|---|---|
| बीभत्स | विशेषण | द्वि !बध्+स% | घिनलाग्दो दुर्गन्धमय । | १५९ |
| मुक्त | विशेषण | मुच्+त | कसैको अधिन वा बन्धनबाट छुटेको फुक्का । | १५९ |
| दुर्भाग्य | नाम | दुर+भाग्य | खराब भाग्य अभाग । | १५९ |
| कुशल | विशेषण | कुश्+ल | कुनै काम गर्न सिपालु निपुण दक्ष । | १५९ |
| बधिक | विशेषण | वध्+इक | मान्छे मार्ने मानिस । | १५९ |
| कौशल | नाम | कुशल+अ | कुशलता दक्षता प्रविणता । | १५९ |
| प्रदर्शित | विशेषण | प्र+दृश्+इत | प्रदर्शन गरिएको सार्वजनिक रूपमा प्रस्तुत गरिएको । | १५९ |
| प्रफुल्ल | विशेषण | प्र+फुल्ल | राम्ररी फुलेको फक्रेको । | १५९ |
| वर्गीय | विशेषण | वर्ग +ईय | विभिन्न जाति, पेसा, धर्म संस्कृति आदि समुहका वर्ग । | १५९ |
| निर्णय | नाम | निर्+नय | छलफलबाट निस्कने कुरा निष्कर्ष निधो । | १५९ |
| मनुष्य | नाम | मनु+य | मान्छे मानव । | १५९ |
| निपुणता | नाम | निपुण+ता | दक्षता कुशलता । | १५९ |
| चरित्र | नाम | चर्+इत्र | कुनै व्यक्तिको आनीबानी बानी बेहोरा । | १५९ |
| प्रहार | विशेषण | प्र+हार | मुक्का, लट्ठी, हतियार आदिले हान्ने काम । | १५९ |
| महानायक | विशेषण | महान्+नायक | ठूलो नेता । | १५९ |
| मृत्यु | नाम | मृत्+यु | मरण निधन । | १५९ |
| पीडा | नाम | पीड्+आ | दुःख । | १५९ |
| तृप्त | विशेषण | तृप्+त | अघाएको सन्तुष्ट । | १५९ |
| तृप्ति | नाम | तृप्+ति | अघाएको अवस्था सन्तुष्टि । | १५९ |
| आभा | नाम | आ+भा | कुनै वस्तु वा व्यक्तिमा देखिने चमक शोभा । | १५९ |
| उन्माद | नाम | उत्+माद | पागलपन बहुलठ्ठी पन । | १५९ |

| | | | | |
|---|---|---|---|---|
| अङ्गप्रत्यङ्ग | नाम | अङ्ग+प्रति+अङ्ग | शरीरका अङ्ग । | १५९ |
| कोमल | विशेषण | मूल शब्द | छाम्दा नरम र मुलायम, खाँदा कमलो, देख्दा र अनुभव गर्दा सुकुमार । | १५९ |
| वीररस | नाम | वीर+रस | उत्साह स्थायी भाव हुने साहित्यमा प्रचलित एक रस । | १५९ |
| सर्वश्रेष्ठ | विशेषण | सर्व+श्रेष्ठ | सबभन्दा श्रेष्ठ सबभन्दा उत्तम । | १५९ |
| निर्ममता | नाम | निर्मम+ता | निर्मम अवस्था निष्ठुरता निर्दयीता । | १५९ |
| क्रूर | विशेषण | मूल शब्द | कठोर हृदयको निदयी | १५९ |
| अष्टमी | नाम | अष्टम+ई | कृष्णपक्ष वा शुक्लपक्षको आठौ तिथि । | १५९ |
| अनुभव | नाम | अनु+भव | देखेर वा भोगेर आर्जन गरिने ज्ञान पढेर होइन परेर जानिएको कुरा । | १५९ |
| निरीह | विशेषण | निर्+ईह | आफ्नो इच्छा वा मनको कुरो जाहेर गर्न नसक्ने अबोध अनजान । | १५९ |
| रोमाञ्चित | विशेषण | रोमाञ्च+इत | रोमाञ्च उत्पन्न भएको आङ जुरुङ्ङ भएको हर्षित । | १५९ |
| विश्वास | नाम | वि+श्वास | कुनै व्यक्ति वा उसको काममा भर पर्ने स्थिति पत्यार वा भरोसा । | १५९ |
| जीवन | नाम | जीव्+अन | प्राणीको जन्मदेखि मृत्यु सम्मको अवधि आयु जिन्दगी । | १५९ |
| बाध्य | विशेषण | बाध्+य | काम गर्न चाहेर पनि गर्न नपाइने वा नचाहँदा पनि गर्नु पर्ने स्थिति विवशता । | १५९ |
| युवक | नाम | युवन्+क | किशोर अवस्था पार गरेर प्रौढ अवस्थामा नपुगेको पुरुष बैस चढेको लोग्नेमान्छे तन्नेरी । | १५९ |
| मुद्रा | नाम | मुद्र+आ | धातु वा कागजको पैसा सिक्का । | १५९ |
| स्थिरता | नाम | स्थिर+ता | स्थिर वस्तु, व्यक्ति आदिमा हुने गुण अचलता अडिगपन । | १५९ |

| | | | | |
|---|---|---|---|---|
| प्राण | नाम | मूल शब्द | जीवन शक्ति जीवन ज्यान । | १५९ |
| मानवरक्त | नाम | मानव+रक्त | मान्छेको रगत । | १५९ |
| शिर | नाम | मूल शब्द | शरीरको सबभन्दा माथिल्लो भाग माथ | १५९ |
| चरम | विशेषण | मूल शब्द | सबैभन्दा माथिल्लो । | १५९ |
| घृणा | नाम | मूल शब्द | वितृष्णा अरुचि घिन । | १५९ |
| अपार | विशेषण | अ+पार | पार पाउन नसकिने अनन्त । | १५९ |
| जागृत | विशेषण | जागृ+त | जागेको । | १५९ |
| निर्दय | विशेषण | निर्+दयी | निर्दयी । | १५९ |
| कठिन | विशेषण | मूल शब्द | गाह्रो अप्ठेरो मुस्किल । | १५९ |
| स्मित | नाम | स्मि+त | दाँत नदेखाइकन गरिने मुस्कान मन्द मुस्कान । | १६० |
| पराजित | विशेषण | परा+जित | युद्ध, खेल, प्रतियोगिता आदिमा हारेको हरुवा । | १५९ |
| दर्शन | नाम | दृश+अन | हेर्ने काम हेराइ अवलोकन । | १५९ |
| मानवीय | विशेषण | मानव+ईय | मानव सम्बन्धी । | १५९ |
| भ्रम | नाम | मूल शब्द | एउटा वस्तुलाई अर्को वस्तु ठान्दाको स्थिति मिथ्या ज्ञान । | १५९ |
| पक्षपोषण | नाम | पक्ष+पोषण | कुनै एक पक्षको समर्थन वा प्रशंसा तरफदारी । | १५९ |
| तर्क | नाम | मूल शब्द | कुनै विषयलाई पुष्टि गर्नका लागि भनिने युक्तिपूर्ण कथन । | १५९ |
| निर्जीव | विशेषण | निर्+जीव | जीवन नभएको प्राणहीन । | १५९ |
| मोहक | विशेषण | मुह्+अक | मोहित पार्ने आकर्षित गर्ने आकर्षक । | १५९ |
| मानसिक | विशेषण | मानस +इक | मन सम्बन्धी मनको । | १५९ |
| तेजस्वी | विशेषण | तेजस् +वि | तेजिलो उज्जवल उज्यालो । | १५९ |
| क्रान्ति | विशेषण | कम+ति | शोभा सौन्दर्य । | १५९ |

| | | | | |
|---|---|---|---|---|
| आत्मबोध | नाम | आत्म+बोध | आत्माको ज्ञान । | १५९ |
| अवशेष | नाम | अव+शेष | बाँचेको वस्तु  शेष  बाँकी । | १५९ |
| सुषुप्त | विशेषण | सु+सुप्त | राम्ररी सुतेको  गाढा निद्रामा रहेको । | १५९ |
| दृश्य | विशेषण | दृश्+य | आँखाले देख्न वा हेर्न सकिने  वरिपरि देखिएको । | १५९ |
| श्रेष्ठता | नाम | श्रेष्ठ+ता | श्रेष्ठ व्यक्ति, वस्तु आदिमा हुने गुण उच्चता । | १५९ |
| विभिन्न | विशेषण | वि+भिन्न | धेरै थरीको  अनेक । | १५९ |
| आश्चर्य | नाम | मूल शब्द | कुनै नयाँ अनौठो  कुरा देख्दा लाग्ने अचम्म  उदेक । | १५९ |
| धीर | विशेषण | मूल शब्द | विपत्तिमा नआतिने सुख तथा सुविधाले नमातिने । | १५९ |
| द्वेष | नाम | द्विष्+अ | कसैको अहित वा कुभलो चिताउने प्रवृत्ति डाह  ईर्ष्या  रिसको आवेग क्रोध  रुष्टता । | १५९ |
| रोष | नाम | रुष्+अ | रिसको आवेग  क्रोध । | १५९ |
| स्मरण | नाम | स्मृ+अन | कुनै कुराको मनमा हुने सम्झना सम्झाइ याद । | १५९ |
| सम्भावना | नाम | सम्+भावना | कुनै कुरा वा घटना हुन सक्ने परिस्थिति सम्भाव्यता । | १५९ |
| यातना | नाम | यत्+अन+आ | कसैलाई शारीरिक वा मानसिक रूपमा सताउँने काम कष्ट  पीडा । | १५९ |
| विचलित | विशेषण | वि+चल्+इत | कुनै स्थानमा स्थिर नभएको चञ्चल अस्थिर । | १५९ |
| दिशा | नाम | दिश्+आ | पूर्व पश्चिम, उत्तर दक्षिण मध्ये कुनै एक वा सबैलाई बुझाउँने शब्द । | १५९ |
| आभास | नाम | आ+भास | झझल्को लागेको भान परेको । | १५९ |
| आकलन | नाम | आ+कल्+अन | जम्मा गर्ने काम सञ्चय । | १५९ |

| | | | | |
|---|---|---|---|---|
| बधिक | विशेषण | वध्+इक | काटमार गर्ने हिंसा गर्ने । | १५९ |
| रक्तपिपासु | विशेषण | रक्त+पिपासु | रगत पिउन चाहने रगतको प्यासो । | १५९ |
| रक्तरञ्जित | विशेषण | रक्त+रञ्जित | रगतले रङ्गिएको रगतले लतपत । | १५९ |
| लेपन | नाम | लिप्+अन | लिप्ने वा पोत्ने काम लिपपोत । | १५९ |
| परिर्वर्तित | विशेषण | परि+वृत्+इत | परिवर्तन गरिएको बदलिएको । | १५९ |
| किंकर्तव्य | विशेषण | किम्+कर्तव्य | के गर्ने, कसो गर्ने भनेर अलमलमा परेको विलखबन्द । | १५९ |
| कर्तव्य | नाम | कृ+तव्य | नैतिक, सामाजिक, धार्मिक, प्रशासनिक, कानुनी आदि दुष्टिले गर्नु पर्ने भनी तोकिएको काम । | १५९ |
| आक्रोश | नाम | आ+क्रोश | रिसले कठोर शब्दमा गरिने गाली । | १५९ |
| अहिंसा | नाम | अ+हिंसा | हिंसा नहुँदाको अवस्था । | १५९ |
| राग | नाम | रज्+अ | कुनै वस्तु, व्यक्ति, आदिप्रतिको आकर्षण झुकाव । | १५९ |
| दोषी | विशेषण | दुष्+ई | दोष भएको दोषले युक्त । | १५९ |
| विधि | नाम | वि+धि | काम गर्ने तरिका ढङ्ग शैली । | १६१ |
| मृत्युदण्ड | नाम | मृत्यु+दण्ड | गम्भीर अपराध गर्ने, व्यक्तिलाई मारेर दिने दण्ड । | १६१ |
| वातावरण | नाम | वात+आवरण | परिवेश । | १६१ |
| सर्वाङ्ग | नाम | सर्व+अङ्ग | शरीरको सबै अङ्ग सम्पूर्ण शरीर । | १६१ |
| धारण | नाम | धृ+अन | कुनै वस्तु लिने, थाप्ने काम । | १६१ |
| सम्पूर्ण | विशेषण | सम्+पूर्ण | सबै भएभरको । | १६१ |
| संलग्न | विशेषण | सम्+लग्न | टाँसिएको जोडिएको आबद्ध । | १६१ |
| क्रिया | नाम | क्रिय्+आ | गरिने वा गरिएको काम । | १६१ |
| फलस्वरुप | क्रियायोगी | फल+स्वरूप | कुनै कामको परीणाम फलतः । | १६१ |
| निरीक्षण | नाम | निर्+ईक्षण | कुनै कार्य वा गतिविधिको रेखदेख । | १६१ |

| | | | | |
|---|---|---|---|---|
| अनुभूत | नाम | अनु+भूत | अनुभव गरिएको भोगिएको । | १६१ |
| अस्थिपञ्जर | नाम | अस्थि+पञ्जर | हाड मात्र बाँकी रहेको शरीर कङ्काल । | १६१ |
| कल्पना | नाम | कल्प्+अन+आ | कुनै विषयमा उब्जने मनको भावना । | १६१ |
| ग्रहण | नाम | ग्रह्+अन | लिने काम स्वीकार । | १६१ |
| सारहीन | विशेषण | सार+हीन | सार नभएको । | १६१ |
| समग्र | विशेषण | सम्+अग्र | सबै सम्पूर्ण पुरा । | १६१ |
| गन्तव्य | नाम | गम्+तव्य | जानु पर्ने वा पुग्नु पर्ने ठाउँ । | १६१ |
| अन्तिम | विशेषण | अन्त+इम | सबैभन्दा पछिल्लो पुछारको । | १६१ |
| परिवेश | नाम | परि+वेश | वस्तुको वरिपरि रहेको ठाउँ । | १६१ |
| प्रशिक्षण | नाम | प्र+शिक्षण | कुनै प्रविधि, शिल्प आदि सिकाउँने कार्य वा त्यस्तो प्रक्रिया । | १६१ |
| विविध | विशेषण | वि+विधा | भिन्न किसिमको अनेक थरीको । | १६१ |
| वयस्क | विशेषण | वयस् +क | उमेर पुगेको जवान । | १६१ |
| कार्यान्वयन | नाम | कार्य+अनु+अयन | योजना वा कार्यक्रममा उल्लिखित कुरालाई लागु गर्ने काम । | १६१ |
| कार्य | नाम | कृ+य | कसैले गरेको काम काज क्रिया । | १६१ |
| उपकरण | नाम | उप+करण | कुनै काम गर्नका लागि चाहिने सहयोगी समान औजार । | १६१ |
| सिद्धान्त | नाम | सिद्ध+अन्त | तर्क, प्रमाण, प्रयोग, परीक्षण आदिद्वारा सिद्ध गरिएको । | १६१ |
| सर्वथा | क्रियायोगी | सर्व+था | सबै किसिमले हर तरहले । | १६१ |
| आरोपित | विशेषण | आरोप+इत | दोष वा अभियोग लगाइएको आरोप लागेको । | १६१ |
| अवशेष | नाम | अव+शेष | बचेको शेष बाँकी । | १६१ |
| अभागी | विशेषण | अभाग+ई | भाग्य नभएको भाग्य बिग्रेको । | १६१ |
| मर्माहत | विशेषण | मर्म+आहत | मर्ममा आघात वा चोट लागेको । | १६१ |

| | | | | |
|---|---|---|---|---|
| करुण | विशेषण | मूल शब्द | करुणा भएको दयाले भरिएको । | १६१ |
| क्रन्दन | नाम | क्रन्द्+अन | रुवाई चिच्याहट । | १६१ |
| कुण्ड | नाम | मूल शब्द | सानो पोखरी कुवा इनार । | १६१ |
| त्रास | नाम | मूल शब्द | डर भय । | १६१ |
| महत्ता | नाम | महत्+ता | महत्त्व भएको स्थिति महत्त्व । | १६१ |
| भविष्य | नाम | भू+(इ)+स्य | वर्तमानभन्दा पछिको समय । | १६१ |
| अनुयायी | नाम | अनु+यायी | कसैको पछि लाग्ने व्यक्ति विचार वा धर्मप्रति आकर्षित अनुरागी । | १६१ |
| निश्शब्दतापश्चात् | क्रियायोगी | निस् +शब्द+ता+ पश्चात् | केही आवाज नआए पछि । | १६२ |
| प्रलाप | नाम | प्र+लाप | बौलाहाको बरबर । | १६२ |
| तीव्रतर | विशेषण | तीव्र+तर | त्यसभन्दा तीव्र । | १६२ |
| प्रखर | नाम | प्र+खर | कडा उग्र प्रचण्ड । | १६२ |
| वास्तव | नाम | वस्तु+अ | यथार्थ कुरो वस्तुगत सत्य । | १६२ |
| सङ्गीत | नाम | सम्+गीत | गीत गाउँदाको लय ताल मिलेको मधुर गायन । | १६२ |
| भयानक | विशेषण | भय+आनक | डरलाग्दो भयङ्कर । | १६२ |
| मृत्यु | नाम | मृत्+यु | मर्ने क्रिया मरण निधन । | १६२ |
| अवास्तविक | विशेषण | अ+वास्तविक | अयथार्थ असत्य झुटो । | १६२ |
| अप्राकृतिक | विशेषण | अ+प्राकृतिक | प्रकृतिसँग नमिल्ने कृतिम बनावटी । | १६२ |
| अकाल | नाम | अ+काल | अनिकाल खाद्यान्नको अभाव । | १६२ |
| अहिंस्रक | विशेषण | अ+हिंस्रक | अहिंस्रक । | १६२ |
| आलाप | नाम | आ+लाप | कुराकानी बातचित । | १६२ |
| प्रकाश | नाम | प्र+काश | उज्यालो पार्ने तत्व उज्यालो ज्याति । | १६२ |
| प्रत्यक्ष | विशेषण | प्रति+अक्ष | आँखा अगाडि देखिएको सामुन्नेको दृष्य । | १६२ |

| | | | | |
|---|---|---|---|---|
| द्विव्यज्ञान | नाम | दिव्य+ज्ञान | अद्भूत ज्ञान परम ज्ञान । | १६२ |
| देदीप्यमान | विशेषण | द्वि!?द्वीप्+य+मान% | अत्यन्त चम्किलो धपक्क बलेको । | १६२ |
| प्रदीप्त | विशेषण | प्र+दीप्त | प्रकाशले चम्केको राम्ररी बलेको । | १६२ |
| मृदुल | विशेषण | मृदु+ल | मृदु । | १६२ |
| बुद्धत्व | नाम | बुद्ध+त्व | बुद्धले प्राप्त गरेको विशिष्ट ज्ञान । | १६२ |
| परिनिर्वाण | नाम | परि+निर्वाण | निर्वाण । | १६२ |
| अनुगामी | विशेषण | अनु+गामी | पछि लाग्ने पछि आउने । | १६२ |
| अनायास | क्रियायोगी | अन+आयास | विनाप्रयास स्वतः । | १६२ |
| प्रस्फुटित | विशेषण | प्रस्फुट+इत | प्रस्फुटन भएको प्रकटित । | १६२ |
| स्वर | नाम | स्वृ+अ | व्यक्त वा अव्यक्त आवाज । | १६२ |
| मोक्ष | नाम | मूल शब्द | जन्म र मृत्युको प्रपञ्चबाट मुक्ति जीवनबाट उन्मुक्ति । | १६२ |
| निश्शब्द | विशेषण | निस् +शब्द | आवाज नभएको । | १६२ |
| घनीभूत | विशेषण | घन+ई+भूत | घना भएको बाक्लो गाढा । | १६२ |
| स्पष्ट | विशेषण | स्पश्+त | देख्न सकिने सुनिने खुलस्त छर्लङ्ग । | १६२ |
| सङ्केत | नाम | सम्+कित् | कुनै वस्तु, विचार आदिलाई जनाउँने चिह्न सूचक । | १६२ |
| मोहक | विशेषण | मुह+अक | मोहित पार्ने आकर्षित गर्ने । | १६२ |
| सजीव | विशेषण | स +जीव | प्राण भएको जीवित प्राणधारी । | १६२ |
| कर्णप्रिय | विशेषण | कर्ण+प्रिय | सुन्दा मीठो लाग्ने । | १६२ |
| अर्द्धमुद्रित | विशेषण | अर्द्ध+मुदित | आधा आँखा चिम्लिएको । | १६२ |
| आश्चर्यचकित | विशेषण | आश्चर्य+चकित | अनौठो कुरा देखेर छक्क परेको आश्चर्यले चकित । | १६२ |

कथाकार महेशविक्रम शाहद्वारा लिखित वधशालामा बुद्ध कथामा १,७,२३ शब्दहरूको प्रयोग भएका छन् जसमध्ये १६८ शब्दहरू तत्सम रहेका छन् । प्रतिशतका दृष्टिले ९.७५ प्रतिशत तत्सम शब्दहरूको

प्रयोग यस कथामा भएको छ । बधशालामा बुद्ध कथामा आवृत्ति भएका शब्दहरूलाई तालिकामा निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ :

**तालिका संख्या-१८**

| **शब्द** | **आवृत्ति** | **शब्द** | **आवृत्ति** |
|---|---|---|---|
| बधशाला | ४५ | सर्वश्रेष्ठ | ३ |
| वधिक | १३ | युवक | ७ |
| शरीर | ७ | मनुष्य | २ |
| महानायक | ७ | रक्तरञ्जित | ३ |
| हतियार | ३ | मृत्यु | ९ |
| मनुष्य | ८ | मृत्युउत्सव | ३ |
| शान्त मुद्रा | ४ | सर्वश्रेष्ठ | ३ |

वधशालामा वुद्ध कथामा १३ वटा तत्सम शब्दहरू आवृत्ति भएका छन् जसमध्ये वधशाला शब्द ४५ पटक अर्थात् सबै भन्दा धेरै पटक आवृत्ति भएको देखिन्छ ।

# अध्याय- पाँच :निष्कर्ष र सुझाव

## निष्कर्ष

नेपाली भाषा संस्कृत भाषाबाट अपभ्रंश हुँदै विकसित भएकाले नेपाली भाषा साहित्य संस्कृत भाषाका शब्दहरूले भरिएको छ । नेपाली साहित्यमा आगन्तुक शब्दहरूको प्रयोग भए पनि यसमा संस्कृत भाषाको छुट्टै स्थान रहेको छ । संस्कृत भाषाबाट जस्ताको तस्तै रुप नफेरिई नेपाली भाषामा प्रयोगमा आएका शब्दहरू तत्सम शब्दहरू हुन् ।

एमएड प्रथम वर्षको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन विश्लेषणबाट प्राप्त निष्कर्ष अर्थात यो शोधकार्यको निष्कर्षलाई बुँदागत रूपमा निम्नअनुसार प्रस्तुत गर्न सकिन्छः

- शोधपत्रको सुरुमा भाषा, शब्द, शब्दवर्गीकरण, शीर्षक, प्रयोजन आदिलाई प्रस्तुत गरिएको,
- संस्कृत भाषाबाट जस्ताको तस्तै रुप नफेरिई नेपाली भाषामा प्रयोगमा आएका शब्दलाई तत्सम शब्द भनिएको,
- शब्दलाई स्रोत, बनोट र कार्यका आधारमा वर्गीकरण गरिएको,
- शब्दलाई स्रोतको आधारमा मौलिक र आगन्तुक गरी दुई भागमा वर्गीकरण गरिएको र तत्सम शब्द मौलिक शब्दभित्र रहेको,
- बनोटको आधारमा शब्दलाई मूल र व्युत्पन्न र कार्यका आधारमा विकारी र अविकारी भनी वर्गीकरण गरिएको,
- तत्सम शब्दको अर्थ र तात्पर्यलाई प्रष्ट पारिएको,
- तत्सम शब्दहरूलाई शब्द, वर्ग, व्युत्पत्ति, अर्थ, पाठ र पृष्ठसङ्ख्या समेत उल्लेख गर्दै वर्णानुक्रममा राखिएको,
- कुन पाठमा जम्मा कति शब्द रहेको, त्यसमध्ये कति तत्सम शब्द रहेको, तत्सम शब्दको प्रयोगको प्रतिशाङ्क स्थिति कति रहेको र कुन पाठमा कुन कुन तत्सम शब्द कति पटक आवृत्ति भएको भन्ने कुरा तालिका सहित पुष्टि गरिएको ,
- तत्सम शब्दहरूको वर्ग अन्तर्गत नाम, विशेषण, क्रियायोगी र संयोजक आदिको आधारमा छुट्याइएको,
- तत्सम शब्दहरूको व्युत्पादन हुने शब्दहरूको व्युत्पति प्रक्रिया देखाइएको र नहुने मूल शब्दलाई जस्ताको तस्तै राखिएको,
- शब्द प्रयोगका दृष्टिले सबैभन्दा धेरै शब्दहरूको प्रयोग भएको कथा मैयाँसाहेब (४,०७७) रहेको र सबभन्दा थोरै शब्दहरूको प्रयोग कथा साल्गीको बलात्कृत आँशु (१,३,२२) रहेको ।

- तत्सम शब्दको प्रयोगका दृष्टिले सबभन्दा बढी तत्सम शब्दको प्रयोग भएको कथा मैयाँसाहेब ( ३२१) रहेको र तत्सम शब्दको प्रयोग सबैभन्दा न्यून रहेको कथा परालको आगो (२५२) रहेको,
- प्रतिशतका दृष्टिले तत्सम शब्दहरूको प्रयोगलाई हेर्दा सबैभन्दा बढी तत्सम शब्दको प्रयोग भएको कथा बधशालामा बुद्ध (९.७५ प्रतिशत) रहेको र सबै भन्दा कम तत्सम शब्दहरूको प्रयोग भएको कथा परालको आगो (१.३२ प्रतिशत) रहेको,
- तत्सम शब्दहरूको प्रयोगले कुनै पाठलाई क्लिष्ट र दुर्बोध्य बनाउँने हुनाले ती शब्दहरूको प्रकृत्ति बुझ्न एमएड तहमा अध्ययनरत् विद्यार्थी र अध्यापनरत् शिक्षकहरूलाई यो शोधकार्य उपयोगी रहेको छ,
- कुन पाठ कुन स्तरका लागि उपयुक्त छ, एमएड तहमा समावेश गरिएका पाठ्हरू यस तहका विद्यार्थीका लागि उपयोगी छन्/ छैनन् भन्ने कुराको निर्णय गर्नका लागि पाठ्यक्रम निर्माता तथा पाठ्यपुस्तक लेखकलाई समेत यो शोधकार्य उपयोगी रहेको ।

सुझावहरू

एमएड प्रथम वर्षको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन विश्लेषणबाट निकालिएको निष्कर्षका आधारमा निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छः

- कुनै पाठमा ज्यादै र कुनै पाठमा कम तत्सम शब्दको प्रयोग भएको देखिन्छ तर यसो नभएर समान रुपमा तत्सम शब्दको प्रयोग भएको कथाहरू समावेश गरिनु पर्दछ ।
- अप्ठ्यारा तत्सम शब्दहरूको आवृत्ति भइरहे विद्यार्थीहरूलाई सहज हुने थियो ।
- सबै कथाको अन्त्यमा कठिन तत्सम शब्दहरूको शब्दार्थ स्तम्भ राखिनु पर्ने देखिन्छ ।
- एमएड प्रथम वर्षको कथा विधामा तत्सम, तद्भव र आगन्तुक तीनै स्रोतबाट आएका शब्दहरू छनोट गर्नुपर्ने देखिन्छ ।
- तत्सम शब्दको आवृत्तिको स्थितिलाई हेर्दा ज्यादै न्यून तत्सम शब्दहरू आवृत्ति भएको देखिन्छ तर यसो नभएर तत्सम शब्दहरूको पुनरावृत्ति ज्यादा हुनुपर्ने देखिन्छ ।

भावी अनुसन्धानका लागि शीर्षकहरू

अनुसन्धानको क्षेत्र व्यापक छ । विशिष्ट ज्ञान र गहन अध्ययनपश्चात मात्र अनुसन्धान सम्भव छ यस शोध अध्ययनले समेट्न नसकेका थुप्रै चुनौतिहरू छन् । ती चुनौतीलाई भावी पुस्ताले अध्ययन अनुसन्धान गर्न सक्नेछन् । यस तहमा तत्सम शब्द केन्द्रित रहेर अनुसनधान गर्न सकिने केही शीर्षकहरू यस प्रकार छनः

- एमएड प्रथम वर्षको उपन्यास विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन,
- एमएड प्रथम वर्षको नाटक विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन,
- एमएड प्रथम वर्षको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०४९), **समसामयिक नेपाली व्याकरण,** काठमाडौंः शुभकामना प्रकाशन ।

—————————— र बद्रीविसाल भट्टराई (२०६६), **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, निर्मला (२०६६), **कक्षा नौंको नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्दहरूको अध्ययन,** ( अप्रकाशित स्नातकोत्तर शोधपत्र), कीर्तिपुर क्याम्पस ।

खड्का, गोमाकुमारी (२०६७), **कक्षा एघारको सबैको नेपाली पाठ्यपुस्तको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

दाहाल, शान्ता (२०६७), **कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको निवन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता, बहुमुखी क्याम्पस इटहरी, सुनसरी ।

पोखरेल, बालकृष्ण र अन्य (छौठौं संस्करण २०६०), **नेपाली बृहत् शब्दकोश,** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

बराल, कृष्णहरी र नेत्र एटम (२०६६), **व्याकरण अभिव्यक्ति र अभ्यास,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

बस्नेत, नारायण (२०७१), **स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

भण्डारी, पारसमणि र अन्य, (२०६७), **नेपाली गद्य र नाटक,** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

—————————— र अन्य, (२०६८), **भाषिक अनुसन्धान विधि,** पिनाकल पब्लिकेशन प्रा.लि. ।

भट्टराई, डी.पी., (२०६२), **माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति,** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०६५), **भाषिक अनुसन्धान विधि,** काठमाडौं : शुभकामना प्रकाशन ।

भट्टराई, हीरा (२०६६), **कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), विश्वविद्यालय क्याम्पस ।

लम्साल, रामचन्द्र र अन्य, (२०६५), **साधारण नेपाली,** काठमाडौंः शुभकामना प्रकाशन ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६८), **नेपाली भाषा र साहित्य शिक्षण,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्म्मा, वसन्तकुमार (२०६१), **नेपाली शब्दसागर,** काठमाडौं : साझा प्रकाशन ।